जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ९, २०७४ साल जेठ २६ गते शुक्रबार, नेपाल संवत् ११३७ (June 9, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## सीमामा रक्सी नबेच्न आग्रह

काठमाडौं । बिहार सरकारले आफ्नो राज्यमा रक्सीमाथि प्रतिबन्ध लगाएपछि बिहारीहरु रक्सी खान नेपालतर्फ आउने गरेका छन् । त्यसैले भारतको बिहार प्रशासनले रक्सी नियन्त्रणमा सहयोग गर्न नेपाली प्रशासकसमक्ष आग्रह गरेका छन् ।

बैठकमा सीमाको प्रयोग गरेर हुने चोरी, तस्करी, हातहतियारसहितका बिषयमा छलफल भएको थियो । यस्तै बैठकमा नेपालमा हुन गइरहेको स्थानीय **बाँकी ८ पेजमा**

## नक्कली नोट बनाउने पक्राउ

काठमाडौं । पैसाको फोटोकपी गरेर नक्कली नोटको कारोबार गर्ने सन्तोष मल्ललाई बुटवलबाट प्रहरीले पक्राउ गरेको छ । बुटवलकै प्रभु बैंकमा नक्कली नोट जम्मा गरी यस्तो कार्य गरेको सूचना प्राप्त भएपछि निजलाई मंगलबार नियन्त्रणमा लिइएको बुटवल प्रहरीले जनाएको छ ।

बुटवलको दविनगरमा बस्दै आएका २१ वर्षीया मल्लका साथबाट एक हजार दरको नोट ३ सय ४९ र ५ सय दरको नोट १ सय ५ थान प्रहरीले बरामद गरेको छ । **बाँकी ८ पेजमा**

# प्रचण्डपछि भारतद्वारा देउवाको दोस्रो प्रयोग ?

काठमाडौं । भारतीय संस्थापन पक्षले तयार गरिदिएको कांग्रेस/माओवादी केन्द्र गठबन्धनले फेरि निरन्तरता पाएको छ । एघार महिनाअघि शेरबहादुर देउवा र प्रचण्डलाई पालैपालो दिल्ली बोलाएर मोदी प्रशासनले तत्कालीन केपी ओली नेतृत्वको सरकार ढाल्न यी दुई बीच हेन्डसेक गराएको थियो । नयाँ दिल्लीको रोजाइमा देउवा भए पनि उनलाई प्रधानमन्त्री बनाउन कठिन भएकाले पहिले ९ महिना प्रचण्ड त्यसपछि ९ महिना देउवा आलोपालो प्रधानमन्त्री बन्ने जेन्टल एग्रिमेन्ट भएअनुसार अहिले प्रचण्डले देउवाका लागि मैदान खाली गरिदिएका हुन् । प्रचण्डले पदबाट राजीनामा दिएपछि प्रक्रियागत रुपमा कांग्रेस सभापति शेरबहादुर देउवा दुईतिहाई नजिक मतका साथ चौथो पटक प्रधानमन्त्रीमा निर्वाचित भएका छन् ।



मुलुकका चालीसौं प्रधानमन्त्री बनेका देउवाले कार्यभार सम्हाल्दै चुनाव र सदाचारलाई प्राथमिकतामा राख्ने बताएका छन् । शितलनिवासमा सपथ लिएर प्रधानमन्त्री कार्यालय सिंहदरबार पुगेका देउवाले अन्तरप्रदेश समन्वयका लागि समन्वय परिषद् सचिवालय गठनको निर्णय गरेका छन् । संविधानको धारा २ सय ३४ मा अन्तरप्रदेश समन्वय परिषद् गठन गर्ने व्यवस्था छ । यस्तै राष्ट्रिय सदाचार नीति बनाउने प्रस्तावमा पनि उनले हस्ताक्षर गरेका छन् । उनले संविधानलाई सर्वस्वीकार्य बनाउने आफ्नो काम भएको पनि प्रस्ट पारेका छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पच्चीसौं र ०६१।६२ को आमूल परिवर्तनपछि मुलुकको दसौं प्रधानमन्त्री बन्ने अवसर पाएका देउवाको सत्ता यात्रा सहज भने छैन । सत्तामा मात्र अर्जुनदृष्टि लगाइरहने देश र जनताका हितमा कहिल्यै नसोच्ने देउवाको सत्तारोहण विगतको आफ्नो धूमिल छविलाई सुधार्ने एक स्वर्णिम अवसर समेत हो । एमालेको अल्पमतको सरकारलाई कांग्रेस पृष्ठभूमिकै तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले ९ महिनामै ढालिदिएपछि २०५२ सालमा देउवा प्रथम पटक प्रधानमन्त्री भएका थिए । बहुचर्चित राष्ट्रघाती महाकाली सन्धिलाई संसदबाट पारित गराएपछि देउवा भारतीय रोजाइमा परेका थिए । तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँगको सम्बन्धमा खटपटि परेपछि यिनले २०५९ मा नेपाली कांग्रेसलाई फुटाएर कांग्रेस (प्रजातान्त्रिक) गठन गरेका थिए । ०५८ मा दोस्रोपटक प्रधानमन्त्री भएका देउवाले सत्ता र शक्तिको दुरुपयोग गर्दै संस्थापन पक्षलाई कमजोर बनाउने ठूलै कसरत नगरेका होइनन् । ०५९ मा तत्कालीन राजा ज्ञानेन्द्रले उनलाई प्रधानमन्त्रीबाट बर्खास्त गरिदिए । २०६१ मा फेरि उनी तेस्रोपटक राजाबाट प्रधानमन्त्रीमा नियुक्ति भए । निर्वाचन गराउन नसकेपछि राजाले 'असक्षम' घोषित गर्दै उनलाई फेरि बर्खास्त गरे । शाही कांग्रेस पार्टी नचल्ने देखेपछि देउवा फेरि गिरिजाको शरणमा पुगे । उनलाई वरिष्ठ नेताको दर्जा प्राप्त भयो । ०६१ म प्रधानमन्त्री भएकै बेलामा देउवाले संसद विघटनको प्रस्ताव नारायणहिटीमा पुऱ्याए । राजा ज्ञानेन्द्रले सार्वभौम संसद विघटन गरी कार्यकारी अधिकार समेत आफैंले लिए । लोकतन्त्रलाई दरबारमा बुझाउने देउवा २०७२ मा कांग्रेस सभापतिमा निर्वाचित भए । २०७३ मा कांग्रेस संसदीय दलको नेता भएपछि देउवालाई प्रधानमन्त्री बन्ने बाटो खुला भयो । तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाको असामयिक निधनसँगै देउवाले कांग्रेसको वाग्डोर सम्हाल्ने ऐतिहासिक अवसर पाए ।

सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेस होमिएको थियो । सुशीलको सादगी जीवन र राजनीतिक निष्ठा एवं इमानदारिताकै कारण कांग्रेस पहिलो पार्टी बन्न सफल भयो । देउवाको नेतृत्वमा स्थानीय तहको पहिलो चरणको निर्वाचनमा जाँदा कांग्रेसको पोजिसन दोस्रो बन्न पुगेको छ । देउवा तीनपटकसम्म देशको कार्यकारी प्रमुख भए तर यिनले विकासमुखी होइन सत्तामुखी राजनीतिमात्र गरिरहे । पजेरो प्राडोको संस्कृति भित्र्याउने देउवा नै हुन् । सांसद खरिद बिक्री गर्ने, जम्बो मन्त्रिपरिषद् बनाउने, सरकारी रकम मनलागी बाँड्ने र पार्टी नै भाँड्ने देउवा नै हुन् । विगतका यी गल्ती कमजोरीलाई देउवाले सुधार गरे भने उनलाई इतिहासले सम्झने छ । फेरि पनि आफ्ना हुक्के बैठके र हनुमानहरुकै हितमा राष्ट्रिय ढिकुटी दोहन गर्ने हुन् कि भन्ने चिन्ता सर्वत्र छ । सायद दृउवाले सदाचारको कुरा गरेर आफ्नो छवि विगतको जस्तो नहुने संकेत गरेका हुन सक्छन् ।

देश यतिबेला स्थानीय तह दोस्रो चरणको निर्वाचनको सम्मुखमा छ । आगामी माघ ७ गतेभित्र स्थानीय, प्रादेशिक र संघीय संसद तीनवटै तहको निर्वाचन गराउनुपर्ने दायित्व नयाँ प्रधानमन्त्रीको काँधमा आइलागेको छ । आगामी असार १४ गते स्थानीय तह दोस्रो चरणको निर्वाचनमा मधेस केन्द्रित दलहरुलाई सहभागी गराउनु देउवाको सफलतासँगै जोडिन्छ । राष्ट्रिय जनता दल नेपालले देउवालाई प्रधानमन्त्रीमा भोटिङ गरेको छ । देउवा पनि निर्वाचनअघि संविधान संशोधन गर्ने र संविधानलाई सर्वस्वीकार्य बनाउने भन्दैछन् । तर उनले **बाँकी ८ पेजमा**

## वी वान्ट सेपरेसन फ्रम इन्डिया

दार्जिलिङ अहिले पनि शान्त हुन सकेको छैन । भारतले दार्जिलिङलाई उपेक्षा गरेको भनेर त्यहाँका नेपाली भाषी गोर्खालीहरुले आन्दोलन गर्दै आएका छन् । छुट्टै गोर्खाल्यान्ड राज्यको माग गर्दै १९८६ देखि सुवास घिसिङको नेतृत्वमा दार्जिलिङमा ठूलो आन्दोलन भएको थियो । पछि घिसिङले दार्जिलिङ पर्वतीय परिषद्मा आन्दोलन टुंग्याइदिए । पर्वतीय परिषद्मार्फत केही नेताहरुले रोजीरोटीको व्यवस्था मिलाए तापनि आम दार्जिलिङवासी जनताले केही पाएनन् । सुवास घिसिङले धोका दिएको विषय उनीहरुको मनमा गढेर रह्यो । पछि फेरि दार्जिलिङमा विमल गुरुङ र रोसन गिरी नेतृत्वको गोर्खा जनमुक्ति मोर्चाले आन्दोलन सुरु गऱ्यो । उक्त



आन्दोलनमा दार्जिलिङका जनताले राम्रो साथ सहयोग प्रदान गरे । दौरा सुरुवाल टोपी र ढाकाको साडी चोलोमा हजारौं दार्जिलिङबासी गल्ली गल्लीबाट आन्दोलनमा निस्किए । पश्चिम बंगाल सरकार मात्र नभएर केन्द्रीय सरकारको पनि ध्यानाकर्षण भयो तर फेरि आन्दोलन गोर्खाल्यान्डसम्म पुग्न सकेन 'गोर्खा टेरेटोरियल' एडमिनिस्ट्रेसनमा आन्दोलन टुंगियो ।

यसबीचमा बंगाल सरकारले निकै ठूलो धोकाधडी **बाँकी ८ पेजमा**

## चामल र अण्डा पनि नक्कली

काठमाडौं । अहिले बजारमा विभिन्न ब्रान्डका चामल आउने गरेका छन् । तीमध्ये कतिपय नेपालमै धान उत्पादन गरेर प्रशोधन गरेका चामल हुन् भने धेरैजसो भारतबाट चामल आयात गरी यहाँ आकर्षक ढंगले प्याकेजिङ मात्र गर्ने गरिन्छ । चामल बिक्रीको लागि विभिन्न खाले विज्ञापन र बोरामा उपहार कुपन अनि थाल, ग्लास, बटुका जस्ता उपहार पनि चामलको बोराभित्र पाइन्छन् । अत्यन्तै आकर्षक र हेर्दा टलक्क टल्कने यस्ता चामल कतिपय नक्कली पनि हुन सक्ने आशंका बढेको छ ।

भारतीय बजारहरुमा चीनबाट भित्रिएको नक्कली प्लास्टिक चामल फेला परेको र कतिपय होटल, रेस्टुराँमा समेत यस्ता चामल पकाइने गरेका समाचार विभिन्न मिडियाहरुमा आएका छन् । लोकप्रिय सामाजिक सञ्जाल यु ट्युबमा प्लास्टिक चामल कसरी उत्पादन गरिन्छ भन्ने भिडियो पनि अपलोड भएको पाइन्छ । 'द मेकिङ अफ प्लास्टिक राइस इन चाइना' प्लास्टिक राइस फेक्ट्री एन्ड म्यानुफ्याक्चरिङ लगायत शीर्षकमा प्लास्टिक राइस उत्पादनबारे दिइएको छ । प्लास्टिकका लामा लामा त्यान्द्रा मेसिनमा हालेपछि विभिन्न चरण पार गर्दै अन्तिममा सलसलाउँदा चामल बनेर निस्किएको देखिन्छ ।

भारतीय टेलिभिजन च्यानल 'जी' **बाँकी ८ पेजमा**

## सत्तारोहण हुन अब एमालेलाई गाह्रो

काठमाडौं । लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएर भए पनि एमाले सरकारमा गएकै हो । कम्युनिस्ट पार्टी भन्ने तर सत्ताका लागि घोर दक्षिणपन्थीदेखि उग्रवामपन्थीसँग समेत गठबन्धन गर्न पछि नपर्ने एमालेको राजनीतिक स्वभाव नै हो । सत्ताबाहिर प्रायः बस्न नचाहने एमाले अब भने हतपत सरकारमा फर्किन नसक्ने विश्लेषण गर्न थालिएको छ ।

भारतले तयार गरिदिएको कांग्रेस र माओवादी केन्द्रबीचको गठबन्धन सितिमिति तवरले भत्किने सम्भावना छैन । भारतले एमाले चीनतिर ढल्किएको बुझेको छ । तत्कालीन प्रधानमन्त्री केपी ओली भारतीय नाकाबन्दीका अघि रत्तिभर नझुकी नाकाबन्दी गलत भएको जुन अडान राखे त्यसले मोदी सरकारलाई क्रुद्ध बनायो । ओली अझै अगाडि बढेर भारतसँगको **बाँकी ८ पेजमा**

## शैक्षिक सामग्री वितरण





काठमाडौं । नयाँ शैक्षिक सत्रको शुरुवातसँगै बाल विकास समाजले सुविधाविहीन बालबालिकाहरुका लागि गत सोमबार जुन ६ का दिन झोला शैक्षिक सामग्री तथा विद्यालय पोसाक वितरण गरेको छ । उक्त कार्यक्रममा कपन वरिपरि रहेका विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने कक्षा १ देखि १० सम्मका गरिब तथा सुविधाविहीन बालबालिकाहरुलाई बाल विकास समाजका पदाधिकारी, कार्यसमिति सदस्य तथा आजीवन सदस्य र दाताहरुका प्रतिनिधिहरुले शैक्षिक सामग्री वितरण गरेका थिए । कार्यक्रममा बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले वर्षको एक पटक बाल विकास समाजद्वारा गरिने शैक्षिक सामग्री वितरण कार्यक्रमले सुविधाविहीन बालबालिकाको शिक्षाको विकासमा ठूलो योगदान गरेको बताउँदै अन्य दाताहरुलाई पनि यस कार्यमा हातेमालो गर्न आग्रह गर्नु भएको थियो ।

समय-सन्दर्भ |

## रूवान्डा विकासमा लागिसक्यो, नेपाल कहिले ?

**राजेन्द्र शर्मा**

जातीय युद्धबाट तहसनहस भएको रुवान्डा लासहरुको थुप्रो सम्याएर समृद्धिको बाटोमा अघि बढिरहेको छ । भूपरिवेष्ठित र प्रमाणित नतिज सम्पदाविहीन अफ्रिकी मुलुक रुवान्डाले सन् १९६२ मा स्वतन्त्रता पाउनु अघिदेखि नै बहुसंख्यक हुतु र अल्पसंख्यक तुत्सीबीचको संघर्ष झेल्दै आएको थियो । त्यहाँ सन् १९९४ मा बहुसंख्यक हुतुहरुले अल्पसंख्यक तुत्सी र तिनका समर्थक हुतुहरुको समेत नरसंहार गरे जसमा दस लाखको मृत्यु भएको अनुमान गरिएको छ । त्यो नरसंहारपछि युगान्डामा आश्रित तुत्सी शरणार्थीहरुले सोही वर्ष सत्ता कब्जा गरे । त्यसपछि त्यहाँ राजनीतिक स्थिरता कायम भएको छ । विगत दुई दशकमा ७ देखि ८ प्रतिशत विकास दर हासिल गऱ्यो । श्रीलंकालाई पनि उदाहरणका रुपमा लिन सकिन्छ । सन् २००



९ मा विद्रोही तमिल टाइगर्सका नेता प्रभाकरण लगायत सबै विद्रोहीहरुलाई सखाप पारेपछि त्यहाँ सन् १९८४ पछि पहिलो पटक शान्ति स्थापना भएको छ । श्रीलंकाको आर्थिक वृद्धिदर त्यसअघि औसत ५ देखि ६ प्रतिशत भएकोमा सन् २०१० मा १५ प्रतिशत पुगेको थियो । त्यसपछिका समयमा ८ देखि ९ प्रतिशतका दरले श्रीलंकाको अर्थतन्त्र बढ्दैछ ।

तर नेपालको भने विगत दुई दशकदेखि अर्थतन्त्रको मेरुदण्ड वैदेशिक रोजगारीबाट आर्जित रेमिट्यान्स भएको छ । अदक्ष र अर्धदक्ष मानव स्रोतबाट ती मुलुकले यति लाभ पाउन सक्छन् भने यदि त्यसलाई दक्ष जनशक्तिमा परिणत गर्न सकेको खण्डमा उनीहरुको कमाइले युरोपको अष्ट्रिया वा एसियाको फिलिपिन्समा परिणत हुन त्यति धेरै समय लाग्ने छैन । जुन समयदेखि बाहिरी विश्वले नेपालमा प्रवेश गर्ने सुविधा पायो, त्यस समयदेखि नेपालको परिचय एसियाको स्विट्जरल्यान्ड भयो ।

विगतमा हिमाल, पहाड, वनजंगलको सौन्दर्यले जति धेरै अमेरिकी र युरोपेली पर्यटकहरुलाई नेपालले आकर्षित गरेको थियो अब त्योभन्दा धेरै बढी चीन, जापान, कोरिया लगायतका दक्षिणपूर्वी एसियाली पर्यटकहरुका निम्ति यी प्राकृतिक सम्पदासँगै लुम्बिनीको चुम्बकीय आकर्षण छ । त्यसैगरी भारत, इन्डोनेसिया, म्यान्मार, श्रीलंका **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

सम्पादकीय

# सम्भावना र चुनौतीबीच देउवाको सत्ता यात्रा

मुलुकको चालीसौं प्रधानमन्त्रीको रूपमा शेरबहादुर देउवाको १२ वर्षपछि सिंहदरबारमा पुनरागमन भएको छ । कांग्रेस र माओवादी केन्द्रबीच भएको आलोपालोको भद्र सहमतिअनुसार पुष्पकमल दाहालले सहज ढंगले प्रधानमन्त्रीको कुर्सी छोडिदिएपछि देउवाले चौथो पल्ट प्रधानमन्त्री बन्ने अवसर पाए । थुप्रै सम्भावना र चुनौतीका पहाडहरूका बीच देउवाले पाएको यो अवसरको सदुपयोग उनले कुन रूपमा गर्ने हुन् त्यो भने आगामी दिनहरूमा स्पष्ट हुँदै जानेछ ।

प्रजातन्त्र प्राप्तिपछिका २७ वर्षमा मुलुकमा २५ वटा सरकार फेरबदल भइसकेका छन् । नेपालको सत्ता राजनीतिले अस्थिरताको गम्भीर पराकाष्ठ भेलिरहेको कुरा चाँडो चाँडो हुने सत्ता हेरफेरले स्पष्ट पार्छ । स्थिर सरकार भएको भए पच्चीसको ठाउँमा पाँच वटा मात्र सरकार बन्ने थिए भने भूपू प्रधानमन्त्रीहरूको यस्तो लामो लर्को पक्कै पनि खडा हुने थिएन । सत्ता हेरफेरलाई लोकतन्त्रको सुन्दर पक्षकै रूपमा व्याख्या गरिए तापनि यसका थुप्रै कुरूप पाटाहरू नेपाली जनताले देखी, भोगिसकेका छन् । त्यसैले संसदीय मोडलको प्रजातन्त्रको विकल्पको खोजी पनि नभएका होइनन् तर पटक पटक सत्ताको रसास्वादन गर्ने अवसर पाएका हाम्रा नेताहरू यस्तै परिपाटीमा अभ्यस्त भइसकेका छन् ।

प्रधानमन्त्रीको कुर्सीमा पुगेका देउवा नयाँ पात्र होइनन् । उनीसँग प्रशस्तै अनुभव रहेको छ । उनको विगतका कार्यकाल भने सम्झन योग्य छैनन् । उनकै पालामा प्राडो पजेरो, संसद खरिद बिक्री र एकैपल्ट आधा दर्जन मन्त्री बिरामीको बहानामा विदेश पलायन भएका घटना राजनीतिक रंगमञ्चमा घटित भएका थिए । भ्रष्टाचार संस्थागत रूपमा मौलाएको थियो । उनको पछिल्लो कार्यकालमा त ज्ञानेन्द्र शाहले समेत असक्षमको गम्भीर आरोप लगाएका थिए । विगतका खराब दिनहरूबाट देउवाले पाठ सिक्नैपर्छ । उनलाई एकपटक फेरि सर्वोच्च कार्यकारी पद प्राप्त भएको छ । यसलाई सही सदुपयोग गरी देश र जनताको सच्चा हित गरेमा जनताले उनको विगत भुल्ने छन् । देउवालाई भर्खरै सत्ता सुम्पेर निवर्तमान भएका प्रचण्डको पनि पहिलो कार्यकाल विवादास्पद रहेको थियो । उनले पछिल्लो कार्यकालमा गरेका सकारात्मक कामले उनको उचाइ बढेको छ ।

नवनिर्वाचित प्रधानमन्त्री देउवाले 'म थोरै बोल्छु धेरै काम गर्छु' भनेका छन्, निश्चय पनि अहिले उनको जिम्मेवारी थोरै काम गरेर पूरा हुँदैन । आगामी माघ ७ गतेभित्र तीनै तहको निर्वाचन पूरा गरी संविधान पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने उनको प्रमुख कार्यभार रहेको छ । यसका लागि प्रमुख प्रतिपक्षका साथै निर्वाचनमा भाग लिन्न भन्ने शक्तिहरूलाई पनि विश्वासमा लिएर निर्वाचनको राम्रो वातावरण सिर्जना गर्न सक्नुपर्छ । भूकम्पपीडितको पुनःनिर्माणको सुस्त गतिलाई तीव्र बनाउनुपर्ने चुनौती पनि देउवा सामु छ । यसका अतिरिक्त विकास निर्माणलाई गति दिनु, भ्रष्टाचार नियन्त्रण गरी सुशासनको अनुभूति जनतामा प्रवाह गराउन सक्नु, नयाँ निर्माण भएका स्थानीय तह र प्रादेशिक तहका कार्यालय स्थापना र कर्मचारी व्यवस्थापनका जिम्मेवारी मिलाउनु लगायतका कामहरूको चाङ देउवासामु छन् । सम्पूर्ण चुनौतीहरूको पार गर्दै नयाँ नेपालको संविधानले परिकल्पना गरेको खाकालाई कार्यान्वयनमा उतारेर समुन्नत नेपाल निर्माणको बाटोमा डोहोऱ्याउने अवसर र जिम्मेवारी देउवा सामु रहेकाले उनी कुशलतापूर्वक अहोरात्र लाग्नैपर्ने हुन्छ ।

# रैतीहरू हतियार र अपराधीहरूलाई नै पुज्दा रहेछन्

**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)



२०७२ वैशाखको विनासकारी भूकम्पपश्चात् ठूला शासक दलहरु गाउँ छिरेनन् । जनताको पीडामा मलहमपट्टी लगाउन उनीहरु पटक्कै अग्रसर भएनन् । हामी भने भूकम्प गएको ७२ घण्टाभित्रै चामल, पाल, औषधी ब्ल्यान्केट र जस्तापाता लिएर पीडित क्षेत्र पुग्दा जनताले हर्षविभोर भएर आँखामा आँशु लिएर अब यी ठूला दलहरु गाउँ त छिरुन्, यिनीहरुको हामी घुँडा फुकालेर देखाउँछौं भन्थे ।

भूकम्प गएको २६ महिना बित्दासमेत जनता टहरा र छाप्रोमा नै बस्न बाध्य भएको अवस्था हेर्दा साँच्चै अब भने पुराना शाशकीय राजनीतिक दलहरुको दिन समाप्त भएको सोझै अनुमान गर्न सकिन्थ्यो । यसैकारणले होला स्थानीय चुनावमा नै विभिन्न रंग विरंगका दलहरु नेपालको राजनीतिक परिदृश्यमा देखिए । कोही बीबीसीको जागिर छोडी आउने, कोही पूर्वसचिवको हैसियत बोकेर आउने, कोही नयाँ शक्तिको हवाला दिएर आउने अनि कोही आफूलाई सिर्जनशील र विवेकशील भन्दै राजनीतिक विकल्पको रुपमा देखा परे । अब साँच्चै हाम्रो अस्तित्व समाप्त हुन लाग्यो भन्ने डर र त्रासले शाशकीय ठूला दलहरु आतंकित हुन पुगे । उनीहरु कति आतंकित भएका रहेछन् भन्ने कुरा त हतपतमा यिनीहरुले निर्वाचन कानुन पास गरी साना र नयाँ दलहरुलाई एउटै चुनाव चिन्ह लिएर लड्न नदिई स्वतन्त्र उम्मेदवारको रुपमा मात्रै लड्न पाउने व्यवस्था गरिदिए । यसको संगठित रुपमा विरोध भयो, आन्दोलन र अनसन जस्ता विरोधका कार्यक्रम भए तर सरकार र ठूला राजनीतिक दलहरुले टेर पुच्छर लाएनन् ।

खैर ठिकै छ सरकारको यो अलोकतान्त्रिक सामन्ती रवैयाको जनताले पर्दाफास गर्ने छन् भन्ने सोची साना र नयाँ दलहरु स्वतन्त्र उम्मेदवारकै रुपमा भए पनि चुनावमा होमिए । तर नतिजा आयो शून्य । उही असक्षम, असफल दलहरुकै चुनावमा वर्चश्व रह्यो । यिनीहरुको घुँडा फुकाल्छु भन्ने मतदाताहरुले भूकम्पको पीडा बिर्से र फेरि पनि उनीहरुलाई नै चुने । यसले के देखायो भने नेपाली मतदाताहरु हतियार र अपराधीहरुलाई नै रोज्दा रहेछन् । उनीहरुभित्र अझै पनि जनताभन्दा पनि




रैतीको रक्तसंचार भइरेहको रहेछ भन्ने स्पष्ट भयो । विकासको राजनीति, देशबाट लिनेले होइन देशलाई दिन सक्नेले राजनीति गर्नुपर्दछ, अनि हाम्रा राम्रा होइनन्, राम्रा हाम्रा हुने संस्कृतिको शुरुवात गर्नु पर्दछ भन्ने सिद्धान्त बोकी आएका हामीलाई यी रैती मतदाताहरुले नराम्ररी पछारिदिए । अहिले आएर हाम्रो होस खुलेको छ । किनकी नेपाली कांग्रेसले हतियार उठायो, राजा चढेको जिपमा बम हान्यो, विमान अपहरण गरी नेपाल राष्ट्रबैंकको ३० लाख लुट्यो ऊ रैती नेपाली जनताको मन र मस्तिष्कमा स्थायी रुपले बस्यो । एमालेले वर्गशत्रु सफाया भन्दै धर्मप्रसाद ढकालको टाउको काटेर राजनीति शुरु गऱ्यो ऊ पनि रैती मतदाताहरुको मनमस्तिष्कमा स्थायी रुपमा बस्यो । पंचायतले आफ्नो ३० वर्षे शाशनकालमा आफ्ना विरोधीहरुलाई अराष्ट्रिय तत्व भन्दै गोली ठोकेर माऱ्यो, दशकौंसम्म जेलनेल ठोकेर राख्यो त्यो पनि रैती मतदाताको मस्तिष्कमा स्थायी भएर बस्यो । अर्को आयो फेरि नेपालमा जनगणतन्त्र स्थापना गर्छु भारतीय अर्ध औपनिवेशिक उत्पीडिनबाट देशलाई मुक्त गर्दै देशलाई समृद्ध बनाउँछु भन्दै जनयुद्ध सुरु गऱ्यो, १७ हजारभन्दा बढी नेपाली जनताको छोराछोरीको हत्या गरेपछि ऊ फर्केर यही संसदीय चुनावी राजनीतिमा आयो । रैती मतदाताहरुले त्यसलाई नै सबैभन्दा ठूलो दल बनाएर देखाइदिए ।

राजनीतिलाई सबैभन्दा बढी जस्ले अपराधीकरण गऱ्यो रैती मतदाताबीच उही नै बढी लोकप्रिय भयो । अब यस्ले के देखायो भने रैती मतदाताहरुको मन जित्न विकासको राजनीति होइन, अपराधको राजनीति सुरु गर्नुपर्ने रहेछ । हत्या र हतियारको राजनीति सुरु गर्नुपर्ने रहेछ । जति बढी अपराध गर्न सक्यो उति लोकप्रिय । रैती मतदाताहरुले चुन्ने भनेको अन्तत हतियारधारी अपराधीहरुलाई नै रहेछ । विकासप्रेमी र राजनीतिलाई उत्कृष्ट समाज सेवा भन्नेहरुलाई होइन रहेछ। सबैलाई चेतना भया ! रैतीहरु हतियार र अपराधीहरुलाई नै पुज्दा रहेछन् ।

# केही प्रश्न गंगा दक्षिणका पण्डितहरूसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

विश्वमा रगतको खोलो बगाइरहेका आतंकवादीहरुसँग त्रसित को हुँदैन ? त्यहाँ मुगलका दुई सिया सुन्नी आदिलाई विकसित देशहरु भनी आफैंलाई फलाक्नेहरुले नै लडाएका छन् । भर्खरै बेलायतमा भएको आतंकवादी दोस्रो घटना मात्र स्मरण गरिदिए पुग्छ । त्यहाँ अंग्रेजहरुको त्रसित अनुहार मात्र हिजैका पत्रिकाहरुमा हेरिदिए पुग्छ । यो कुरा एउटै पक्ष अर्थात् १५ दिनभित्रै दोस्रो घटना किन भयो ? के हामी त्यतै जाँदै छौं त ? अवश्य जाँदैनौं ।

हामी त्यस्ता थियौं भने पशुपतिनाथमै भएका बिरुपाक्षको किरातकालको मूर्तिमा ३ आँखा देख्ने थिएनौं । यो त दुई हजार वर्ष पुरानै हो । दोस्रो अवस्था लिच्छवि शिलापत्रकै प्रमाण भएका शिवलिंगमा लगुडेश्वर पनि दर्शन गर्ने थिएनौं । त्यो अवश्य अर्धनारीश्वर हो । त्यो कुरा नारी पुरुष दुई होइनन् एउटै हुन् है भन्ने चेतना नै हो । ती पनि पशुपतिमै यत्रतत्र पाइन्छ ।

त्यतिमात्र होइन, त्यस्तै प्रमाणित शिलापत्रसहित त्रिविक्रम मूर्तिमा स्वर्ग मर्त्य पाताल व्याप्त भएको बलि वामन दान प्रसंग भागवतको पहिलो शताब्दीतिर रचित प्रसंग पशुपति तिलगंगा टोलमै शिलापत्रसहित प्रमाणै छ । यसरी शिव विष्णु देवीको संयुक्त सभ्यतायुक्त नेपाललाई त्रसित बनाएर राखिएकोमा विदेशैको हात छ कि ? अवश्य छैन । यहाँ त हाम्रै एउटा भाइले म ठूलो भनेर शेखी गर्नाले हामी दीनहीन र गरिब हुनु परेको हो । यो चेतना सम्पूर्ण नेपाली बुद्धिजीवीहरुमा व्याप्त छ ।

अहिले पशुपति, मुक्तिक्षेत्र बराह क्षेत्र आदि दर्शनमा गंगा दक्षिणका बन्धुहरुको व्यापक सहभागिता भएको प्रमाण उनीहरु आफ्ना संयुक्त यानहरु लिएर प्रतिष्ठा प्रार्थना र श्रद्धा व्यक्त गर्न आएको प्रतिदिन देखिन्छ । भारत सरकार मात्र उत्तरतिर 'देव देशो हिमालयः' लाई किन हेला गर्दैछ ? हिमवत खण्ड नेपाल किन उपेक्षित छ यो १९४७ पछि ? हामी अभ्यर्थना होइन, आफ्ना आराध्यदेव पशुपतिनाथ, चन्दननाथ र गोरखनाथसमेत साक्षी राखेर यहाँ पनि विदेश समुद्रपारको खेल छ कि ? भनेर सोध्छौं अवश्य छैन । होइन यहाँ त हाम्रै दक्षिण बन्धु सरकारको हेय दृष्टि मात्र दोषी छ । हामी पनि दोषी होइनौं । उनका जनता पनि दोषी होइनन् । हामीलाई अमरनाथ, जगन्नाथ तथा रामेश्वरमा श्रद्धायुक्त दर्शन गर्ने अधिकार छैन ? अवश्य छ। छ भने हेय र पीडित दृष्टिका दुवै सरकारले संयुक्त विचार गर्न ढिला भइसकेको छ । कतै यहाँ पनि पातालपुरीको अथवा आतंकको छाया पर्छ कि ? यता सबै तीर्थ यात्रीले सोचौं हुँदैन र ?

'देवदेशो हिमालयः' लाई एउटा हेय वाण बर्साइन्छ । त्यसैले उत्तरतिर किन सम्पर्क गऱ्यो ? भनिन्छ। युगयगमा यस्तै भएर हिमवत खण्ड नेपालले बुद्ध मूर्तिमै नेपाली भाषाको ११ औं शताब्दीको प्रमाणितै शिलापत्र पाएका छन् । त्यो शिलापत्र सुरक्षेत्र (सुर्खेत) नजिकैको हो । त्यस बखत बुद्धिष्टहरु उपेक्षित थिए । हामीले भृकुटीलाई उत्तर पठाएर बुद्ध धर्मका ग्रन्थहरु तिब्बत चीनमै सुरक्षित गरेको होइन र ? बलबाहु पठाएर चीनमा र तिब्बतमा स्मारकहरु खडा गरिएका प्रमाण अझै छैनन् र ? यस कुराको प्रमाण चीनबाट नेपाल आई आफ्नै देश (चीन) मा फर्केपछि स्मरण लेख्ने हुएन साङ आदि हेर्न सबै भारतीय बन्धु समर्थ नहुने कुरै भएन । त्यो कुरो मुख्य भूमि चीनमै पाइन्छ । बुद्धधर्म नेपालै भएर उत्तरतर्फ गएकै हो । त्यस्तो भए तापनि हामी शिव विष्णु र बुद्धका संयुक्त उपासक हौं भन्नलाई अरु केही चाहिँदैन । 'बौद्धावतारे' यो युगलाई हामी भन्छौं । बुद्ध भगवानलाई विष्णुको नै दशम अवतार मानिदिने पर्याप्त पुराना ग्रन्थहरु नै छन् । अमरकोषका कोषकार अमरसिंह आफैं बुद्ध धर्मावलम्बी भएपछि पुग्दैन र ?

निर्जला एकादशी, २०७४

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# पत्रकार, पत्रिका र प्रकृति

नयाँ समाचारहरु लेखेर, बोलेर, जीवन्त फोटो खिचेर र चलचित्रहरु बनाएर प्रचारप्रसार वा सञ्चार गर्ने कर्मीहरुलाई पत्रकार भनिन्छ। नेपालमा लेखक, पत्रकार, कवि-साहित्यकारहरु कति होलान् ? जसले दैनिक यस्ता समाचारहरु सम्प्रेषण गर्छन् र लेख, साहित्यहरु लेखेर पुस्तक, पुस्तिकाहरु तयार गर्छन् । यहाँ मेरो मूल सरोकारको विषय कागजबारे हो, जसको मूल स्रोत हो प्रकृति ।

हामीले प्रयोग गर्ने कागज कसरी बन्छ र त्यसले प्रकृतिमा कति प्रदूषण गर्छ ? यसबारे केही विवेचना गरौं ।

सर्वप्रथम वनजङ्गल र गाउँबस्तीहरुमा पाइने खर, बाबियो, काँस, गहुँको छ्वाली, लोक्ता, बाँसका पात, बोट र अरु हजारौं वनस्पतिहरु नै कागजका मूल स्रोत हुन् । तिनलाई कारखानामा सर्वप्रथम मेसिनले धुलो पारिन्छ, पानीले सफा गरिन्छ र ठूलठूला कराइमा पकाइन्छन् । यसमा ब्लिचिङ पाउडर, कास्टिक सोडा आदि मिसाइन्छ र बाक्लो लेदो पदार्थ बनाइन्छ । केही चिसो भएपछि रङ्गहरु घोलेर त्यसलाई अगाडि बढाइन्छन् र पानीको मुस्लोले त्यसलाई धोइन्छन् । भनौं माड, रसायन र रङ्गहरु पखालिन्छ। अन्तमा कागजका ठूलठूला भनौं ८-१० फिटसम्मका डन्डीहरुमा बेरिन्छ र गोलो पारिन्छन् । निश्चित समयपछि ती सुक्छन् । अनि आवश्यकता र बजारको मागअनुसार ती कागजका गोलाहरु काटेर प्याक गरिन्छन् । ठूलठूला छापाखाना र प्रेसहरुले त कागजका ती भयानक रोलहरु सिधै लगी छपाइ मेसिनमा जोड्छन् र आफैं कटिङ गरी छाप्ने कार्य गर्छन् ।

एक केजी कागज उत्पादन गर्न झन्डै ५ केजी इन्धन, ५० लिटर पानी, ५० ग्राम केमिकल र ०५ ग्राम रङ आवश्यक पर्छ । यसरी उत्पादनभन्दा ५५.५५ गुणा प्रकृतिमा प्रदूषणपश्चात् मात्र कागज बन्छ । अझ त्यो प्रदूषणले आकाश, पानी र जमिनको जैविक विविधतामा पार्ने असरको लेखाजोखा छुट्टै हुनु जरूरी छ । कागज निकै भयानक वस्तु हो, जसले प्रकृतिमा ठूलो आघात पार्छ । यस पङ्क्तिकारको अनुमानमा नेपालमा वार्षिक ५ लाख टन कागज खपत हुन्छ । त्यो मूलतः पुस्तक, पत्रपत्रिका प्रकाशनहरु, बैङ्कर्सहरु, स्कुल-कलेजहरुमा अत्यधिक प्रयोग हुन्छन् । बिलभरपाई, सरकारी कार्यालय, अड्डाअदालत, फोटोकपी मेसिन, नापी शाखालगायत चनाचटपटे पसलहरुदेखि काजगको प्रयोग कहाँ छैन ? जन्मेदेखि मृत्युसम्म र शिरदेखि पुछारसम्म मान्छेहरु कागज प्रयोग गर्छन् । हुन त कुनैकुनै मनुवाहरु 'नेपालमा कागजको खपत र प्रदूषणको यो तथ्याङ्कको आधार के छ ?' भनी प्रश्न गर्न सक्छन् । त्यसो भए सही र अचुक तथ्याङ्क केकति हो त ? यसबारे प्रस्ट हुनु आवश्यक छ ।

विश्वमा औद्योगिक विकाससँगै कागजको प्रयोग पनि बढ्न थाल्यो । बिस्तारै लेटर प्रेसले कागजको खपत अरु बढायो । अझ कम्प्युटर, प्रेस र फोटोकपी मेसिन आएपछि, अझ डिजिटल मेसिनहरु बनेपछि त झनै बढ्यो । डिजिटल क्यामराले फोटो पेपरहरु घटायो तर स्वचालित कम्प्युटरजडित प्रेस र फोटोकपी मेसिनहरुले छपाइ कागजहरु अत्यधिक बढाए । मानवजीवनको दैनिकीमा कागजको प्रयोग कसरी घटाउन सकिन्छ ? सबैले सोच्न र उपाय निकाल्न जरूरी छ ।

हुन त यस्ता प्रशस्त उपाय छन्, जसमा जनस्तरदेखि राष्ट्रिय स्तरमै प्रतिबद्धता आवश्यक छ । जस्तै, पाठ्यपुस्तक प्रकाशन गर्ने सरकारी र निजी प्रकाशन गृहहरुले झन्डै दस वर्षसम्म पुस्तकहरु नफेर्ने र विद्यार्थीहरुलाई पुराना पुस्तकहरु संरक्षण गर्न प्रोत्साहन गर्ने । धेरै गृहकार्य र परीक्षाहरु लिई कागजको सत्यानाश गर्नुभन्दा सम्बन्धित विषयमा विद्यार्थीको दिलदिमागमा गढ्ने गरी गृहकार्य र परीक्षा लिने । अझ कम्प्युटर प्रयोग गर्ने, बोल्न लगाउने, खासखास लेख्नै पर्ने अवस्थामा मात्र कागज प्रयोग गर्ने गरे प्रकृतिको सुरक्षामा महङ्खवपूर्ण पाइला हुनेछ । पुस्तक, लेख, निबन्ध, कथा, कविता, नाटक, उपन्यास, संस्मरणजस्ता कृतिहरु पनि प्रकाशकहरुले राम्ररी छानबिन गरी यो ग्रहको सुरक्षा, धरती र राष्ट्र तथा जनताको उज्वल भविष्यको सही जागरण ल्याउने र चेतना दिने खालको साहित्यलाई स्थान दिने गरे कागजको भारी कटौती हुनेछ ।

पत्रपत्रिकाहरुले पनि समाचारहरु जनतामा सम्प्रेषण गर्न सही र यथार्थ दिने त्यो पनि यो कम्प्युटर युगमा अनलाइनलाई अधिक स्थान दिने गरे राम्रो हुनेछ । चिट्ठा खोली किलोकिलो सुन र कार अनि मोटरबाइक पनि बाँडेर दुनियाँलाई ग्राहक बनाई पत्रिका धेरै बिक्री गर्ने नीति कदापि राम्रो होइन । यसमा विज्ञापनदाताहरुको नियत पनि राम्रो मान्न सकिन्न । धनका लागि 'प्रकृति जेसुकै होस्' भन्ने विचार र व्यवहार ज्यादै हानिकारक छ ।

साहित्यकारहरुले आफ्नो साहित्यलाई उत्कृष्ट र आकर्षित तुल्याउन प्रकृतिको सहारा प्रायः सबैले लिन्छन् र कोर्छन्–

सुनौलो हिमाल ठिङ्ग उभिएको थियो
छङछङ गर्दै झरना सेताम्ये झरिरहेको थियो
कुहुकुहु गर्दै कोइली रोइरहेको थियो
माहुरीहरु भुनभुनाउँदै मह ओसारिरहेका थिए
हरिया वनपाखाभरि बिहानीको झुल्के घाम छरिएको थियो
यो कवि पागलसरि यताउता घुमिरहेको थियो
… … … … … … … …

अबका साहित्यकारहरुले माथिका पङ्क्तिजस्ता मीठा शब्द कोर्दै प्रकृतिलाई बेवास्ता गरी डुक्रनु हुँदैन । बरू त्यस्ता पङ्क्तिहरुमा प्रकृतिको रक्षा गर्ने शब्दहरु पनि ओकल्नुपर्छ । निबको निशान धरती बचावट र मानवजातिको बचावटसँग सम्बन्धित छ भनेर शब्दहरु सम्प्रेषण गर्नुपर्छ–

मनै हर्ने हिमाल माता ! तिमी छौ त, हामी छौं
बग्दैन पानी तिम्रो कोखाबाट भने कसरी हामी जिउँछौं ?
भन माता ! तिम्रा सन्तानहरु
भुटीखाने, लुटीखानेहरु कोको छन् ?
पुरिदिन्छौं तिनलाई त्यहीँ हामीले बलिदान दिनै परे पनि
वनपाखामा नाचीहिँड्ने, डुलीहिँड्ने
कुहुकुहु गर्दै तिम्रा सन्तानहरु
आहा ! यो महान् जगत् जननी सिँगार्ने ती पक्षीहरु
वन्यजीव र पक्षीहरुबिना वन,
वनबिना खोला, नदी र तालहरु
बिनापानी बाँच्छन् कसरी धरतीभरिका यी मानव र प्राणीहरु ?
सिकारीहरु ! बेलैमा अस्त्रशस्त्रहरु नष्ट गर !
होइन भने सूर्यको प्रकाशसरि वेगले आउँदै छ
त्यो पुञ्ज हेर्न कष्ट गर !

# मैले देखेको दसौं विश्व आश्चर्य : इजिप्टको पिरामिड


सुरेन्द्र ढकाल




भग्नावशेषसहित ९ वटा पिरामिड



मुख्य द्वारसम्म जाने बाटो



पिरामिड क्षेत्रमा ऊँट सफारी गर्दै सुरेन्द्र ढकाल



पिरामिडभित्र रहेको चेम्बरमा राजाको चिहान



सबैभन्दा ठूलो पिरामिडको मुख्य द्वार



सबैभन्दा ठूलो पिरामिड केओप्स

प्राचीनकालमा पनि मानव निर्मित विश्वका आठ आश्चर्यहरु थिए। त्यसैगरी मध्यकालमा पनि मानव निर्मित विश्वका आठ आश्चर्यहरु बने अनि त्यसैगरी आधुनिक कालमा पनि त्यस्तै आश्चर्यहरु सिर्जना हुँदै गए। ती आश्चर्यसँगको मेरो साक्षात्कार हुने क्रम पनि क्रमश: बढ्दै गइरहेको थियो। म चाहिँ अब इजिप्टको पिरामिड र स्वेज नहरसँग कहिले साक्षात्कार हुने अवसर पर्ला भन्ने मौका ढुकेर बसिरहेको थिएँ। त्यतिखेरै रोटरियन मित्र प्रेम ओलीले कान्तिपुर ट्राभलले रु ८१ हजारको प्याकेजमा ५ दिन इजिप्ट घुमाउने कार्यक्रम ल्याएको थाहा भएपछि दौडिहालेँ म आफ्नो सिट सुरक्षित गर्न। यसरी तय भयो मार्च १९ तारिखदेखि २५ तारिखसम्म प्राचीन मिश्र अथवा आधुनिक इजिप्टको भ्रमण। बच्चादेखि नै विश्व आश्चर्यहरुमध्येको एक पिरामिडको कुरा सुनेर यो जीवनमा ती कुराहरु देख्न पाइएला र भन्ने लाग्थ्यो। जब हेर्न पाइयो आफूलाई धन्य ठानियो।

**पिरामिड**

नौ वटा पिरामिडहरुसँगै भएको राजधानी कायरोको गिजा क्षेत्रमा तीनवटा चाहिँ भीमकाय पिरामिड रहेका छन्। अरु तीनवटा साना र बाँकी तीनवटाको भग्नावशेषको रुपमा जगमात्रै देखिन्छ। ठूला तीनवटा पिरामिडहरुमध्ये मिश्रको फराव हेमन (राजा) खुफुको चिहानको रुपमा २० वर्ष दिनरात लगाएर निर्माण गरिएको पिरामिड जसलाई त्यहाँको भाषामा केओप्स भनिन्छ त्यो नै सबैभन्दा ठूलो पिरामिड रहेछ। इसापूर्व २५८० देखि २५६० मा निर्माण गरिएको यस पिरामिड प्राचीनकालको सात आश्चर्यमध्ये एक रहेको र यो पिरामिड सुरुमा १४६.५ मिटर अग्लो भए तापनि धसिँदै गएको कारण हाल यसको उचाइ १३८.८ मिटर रहेको बताइयो।

८८ हजार क्युविक फिट भएको यस पिरामिडको तौल ५९ लाख टन भएको अनुमान गरिएको छ। निर्माण ताका ८०० टन चुनढुंगा प्रतिदिन प्रयोग गरिन्थ्यो रे। विभिन्न साइजका गरी यस पिरामिडमा २३ लाख चुन ढुंगा प्रयोग भएका छन्। निर्माण गरिएको ३८ सय वर्षसम्म यो पिरामिड मान्छेले बनाएको संसारको सबैभन्दा अग्लो संरचना रहेको थियो। यसमा प्रयोग गरिएको चुन ढुंगा सानोमा २५ टनदेखि ठूलोमा ८० टनसम्मको रहेको छ। यी चुन ढुंगाहरु आठसय किलोमिटर टाढा अश्वन भन्ने ठाउँबाट ल्याइएको थियो। यी ढुंगाहरुलाई नाइल नदी तार्न डुंगाहरुको प्रयोग गरिएको थियो। यी चुन ढुंगालाइ जोडने वज्रमात्रै ५ लाख टन पुगेको थियो। यो पिरामिड बनाउन दासहरुलाई प्रयोग गरिएको थियो भनेर ग्रिकहरु भन्ने गर्दछन। जम्मा एकलाख बीस हजार दास कामदारहरुमध्ये दश हजार चाहिँ सिपालु कामदार थिए। यिनीहरुलाई २०/२० हजारको समूहमा राखी काम गराइन्थ्यो।

पिरामिडको मुख्य द्वार सतहबाट १७ मिटर अग्लो छ। प्रवेशद्वारबाट एक मिटर तल झरी ८ मिटरको प्यासेज पार गर्नासाथ फराव खुफु (राजा) को चिहान राखिएको स्थल भेटिन्छ। खाली चौडा कोठामा राजा १० दशमलव ४७ मिटर उचाइको फुटेको अवस्थामा रहेको चिहानबाहेक केही पनि नभएको हुँदा पर्यटकहरु २० अमेरिकी डलर तिरेर भित्र जाँदा रहेनछन् र हामी पनि मुख्य द्वारसम्म पुगेर फर्क्यौं। त्यही २० डलरले पिरामिड क्षेत्रमा घुम्न चाहनेले टांगा, घोडा, र उँट चढ्दा रहेछन्। म र मेरा मित्रहरु चाहिँ ऊँट चढ्यौं। एक घन्टाको ऊँट चढाइमा तीनवटै पिरामिडलाई विभिन्न कोणहरुबाट हेर्न सकिने रहेछ।

लघुकथा

## कर्मको खेल

गोमा सिटौला

उकाली-ओराली र मेलापातमा भ्याइनभ्याई पसिना चुहाउन विवश गाँउलेहरुलाई, यसपालि चुनावको माहोलले गर्दा, बाटोघाटो, चौतारा र कान्छीको चिया पसलमा निकै फुर्सदिलो र प्रसन्नताका साथ, झुन्ड-झुन्ड बसेर, ठूल्ठूला राजनीति गफ हाँकेको देख्दा, नेताहरुले 'हाम्रो उद्देश्य नै तपाईंहरुको मुहारमा खुसी झल्काउनु हो भन्थे' सायद 'खुसी' भनेको यही होला, मेरो सुस्त मनस्थितिले बुझ्थ्यो।

म दुई महिनाको छोरोलाई घाममा सुताउँदै थिएँ। त्यतिखेर साइरन बजाउँदै हुँइकिएको गाडीको आवाजले, छोराको निन्द्रा बिथोलिएर रुन थाल्यो।

भित्रबाट आमा रिसाउँदै भनिन- 'यिनिहरुलाई चुनाव हारिएला पीर छ। आफूलाई नाति दुब्लाउला भन्ने पीर छ।' सुत्नै दिएनन्, बज्याहरुले। नानी, बाबूलाई भित्र लगेर सुता। पल्लो गाउँको निधिरामको छोरा 'रिवाज' चुनावमा उठेको छ। आज स्कुल नजिकैको चौतारीमा भाषण छ।

'आमा- रिवाज दाइको दुई वटा श्रीमती हैन ?

-मैले सोधे

'हो नि ! मोराले जेठी हुँदाहुँदै कान्छीलाई पनि, म कुमार केटा हो भनेर भगाएर लेराएछ। पढेको, हुने खाने श्रीमान् भएर पनि निरीह, एक्लो गाउँले जीवन बिताउन बाध्य छ जेठी। उता कान्छीलाई भने सहरमा महल बनाएर, 'रानी' जस्तो गरी पालेको छ।

नानी, आ-आफ्नो कर्मको खेल 'हिँड जाउँ, रिवाजको भाषण सुन्न। आमाले भनिन्।

बाटोभरी आमाले भनेको, कर्मको खेल शब्दले पोल्छ मलाई। हराउँछु, आफैंभित्र, के विवाहित पुरुष, सुरा-सुन्दरीको इसारामा निरीह भएर स्त्रीगमनमा रमाउँछ भने एउटा विवाहित नारीको कर्मको दोष हुन्छ ? पुरुषको हरेक गल्ती र कमजोरीलाई नारीको भाग्यसँग तुलना गर्न मिल्छ ? उत्तर पूरा नहुँदै निरन्तर प्रतिउत्तरले फेरि प्रश्नवाचक चिन्ह खडा गराईरहँदा, नेताको भाषणले झसङ्ग भए।

त्यतिखेर नेता, भन्दै थिए -'गाउँघरको विकास, बाटोघाटो, बेरोजगार युवाहरू, पिछडिएका जनजाति, वृद्ध भत्ता, पुरुष पीडित नारीको हकहित, बहुविवाह, बालविवाह र छोरी भ्रुण हत्याको वहसमा बलियो आवाज उठाउनलाई नै मैले चुनावमा उम्मेदवारी दिएको हो। यदि चुनावमा जितेँ भने वीरहरुको रगतको र देशको माटोको कसम खाँदै भन्दैछु। यी सबै कुराको विकास र उद्धार गरेरै छाड्नेछु।

ताली तरररर बज्छ

तर हुलको बीचबाट कसै कसैले भनेको सुनें। नेता ज्यू ! 'तपाईंबाट पीडित जेठी श्रीमतीको पहिला उद्धार गर्नुहोस्। त्यसपछि हामी गाउँलेको र देशको बारेमा सोच्नुहोस्।

हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७४ साल वैशाख र जेठ महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

१)विष्णु पराजुली २) जयेन्द रीमाल ३) माधव उपाध्याय ४) राम प्रसाद हुमागाई ५) इन्द्र शेखर खडका ६) राम कुमार खत्री ७) संझना पोखरेल ८) सुजिता अधिकारी ९) डा पार्थिवेश्वर तिमिल्सीना १०) काली प्रसाद पोखरेल ११) प्रेम ओली १२) पुण्य पौडेल १३)शंकर कुमार श्रेष्ठ १४) वलराम सापकोटा १५) शारदा श्रेष्ठ १६) लक्ष्य बहादुर केशी १७) सागर निधी तिवारी १८) डा चन्द्र बहादुर जोशी १९) नेपाल सरकार सूचना विभाग २०)काफे वन्डरवाल २१) डा रोशाना श्रेष्ठ २२) मनोजित मल्ल २३) साधना अमात्य २४) युवराज अधिकारी २५) मीरा प्रधान २६) ललित बहादुर वस्नेत

Load-shedding No Problem

Solar-hybrid inverts are now available with heavy discount

Upto 15KVA

With 24 months Warranty

Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.

B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२


Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

गाउँपालिका/नगरपालिका निर्वाचन २०७४



२०७४ साल असार १४ गते हुने गाउँपालिका/नगरपालिका निर्वाचनमा आफ्नो अमूल्य मतको सदुपयोग गरौं ।

मतदान समय : बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म

www.election.gov.np
info@election.ntc.np

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ कुमार लुइँटेल

# स्वीकारिंदै महिलाको दोस्रो बिहे



विराटनगर । सासूससुराले नै 'विधवा' बुहारीको विवाह गरिदिँदै छन् रे ! भन्ने हल्ला सुनेर मोरङ लखन्तरीवासीले अचम्म माने । 'कहीँ लोग्ने मरेर विधवा' भएका 'आइमाईको' पनि विवाह हुन्छ र भन्या ? विधवालाई बिहे गर्ने कस्तो हराम लोग्नेमान्छे होला ? गाउँले धारा, पँधेरा र गोठाला जाँदा यस्तै कुरा गर्थे । तर, लखन्तरीका एक परिवारले बुहारी बनाएर भित्र्याइएकी चेलीलाई छोराको निधनपछि छोरी बनाएर विवाहदान गरिदिए ।

सुनसरीको भलुवाकी गीता चौधरीले मोरङ लखन्तरीका जनकलाल खाँसँग ०६७ मा मागीविवाह गरेकी थिइन् । विवाह भएको एक वर्षपछि गीताका श्रीमान् परिवारको मीठो सपना साँच्दै साउदी अरब उडे । 'स्काफ होल्डिङ'को काम गर्न साउदी पुगेका जनकलाल काम गर्ने क्रममा दश तला अग्लो घरबाट खसे । उनको उपचारको क्रममा साउदीमै निधन भयो ।

श्रीमान् गुमाउनुको असह्य पीडा लिएर बाँचेकी गीताकी एक छोरी पनि छिन् । 'माया गर्ने श्रीमान्‌ले छोडेर जानुभयो । छोरीको भविष्य सम्झिएर मूर्छा परेँ,' गीताले भनिन्, 'एउटी महिलालाई श्रीमान् गुमाउनुभन्दा अर्को ठूलो पीडा के हुन सक्छ र ? मैले जीवनबाटै हरेस खाएकी थिएँ । तर, सासू र ससुराबाट सधैँ छोरीलाई दिइनेजस्तै माया पाएँ ।' गीता थप्छिन्, भर्खर हुर्कंदै गरेकी छोरी जस्मितालाई हेर्थें । आफ्नै जीवनको लामो यात्रा पनि सम्झिन्थेँ । बाँचेर केही हुँदैन, अब आत्महत्या गर्छु भनेर पनि सोचेँ । तर, सासूससुराले दिएको मायाले मेरो सोचाइमा परिवर्तन ल्याइदियो ।' थारू समुदायमा 'विधवा' बुहारीले बाहिर निस्कनु र काम गर्नु निकै चुनौतीपूर्ण थियो । तर, उनले साहस जुटाइन् र सामाजिक संस्थाले आयोजना गरेको कार्यक्रममा जान थालिन् । उनलाई न सासूले रोकिन्, न ससुराले नै । बरु हौसला पो दिए । गीता भन्छिन्, 'मलाई बाहिर जान रोक्नुभएन, नारी विकास सङ्घको सदस्य बनेँ । साथीहरूले सान्त्वना दिए । मलाई आत्मबल पनि मिल्यो ।' सामाजिक काममा सक्रिय गीतालाई धेरै पुरुषले मन पराउँथे । तर, गीतालाई भन्ने आँट कसैले गरेनन् किनकि उनी एकल महिला थिइन् । गीतालाई मन पराउने गाउँकै पुरुष सुरेश खाँले एक दिन विवाहको प्रस्ताव राखे । समाजले घृणा गर्छन् भनेर गीताले सुरेशको प्रस्ताव स्वीकार गरिनन् । सुरेश गीताका सासूससुरासँग विवाह प्रस्ताव लिएर गए । अब सुरेशकै कारण घर निकाला हुनुपर्छ भनेर गीता डरले थुरथुर काम्न थालिन् । सुरेशको प्रस्तावलाई सहज रूपमा लिएर उनीहरूले गीतालाई छोरीको रूपमा विवाह गरिदिने बताए ।

गीताले पनि दोस्रो विवाहलाई इन्कार गर्न सकिनन् । सुरेशसँग उनको परम्परागत विधिअनुसार नै दोस्रो विवाह भयो । विवाह गराउन नारी विकास सङ्घकी अधिकृत सरिता अधिकारीले निकै सहयोग गरेकी थिइन् । सरिताले भनिन्, 'गीताको विवाहले समाजमा एकल महिलाले विवाह गरेर फेरि जीवन चलाउन सक्छन् भन्ने नयाँ थिति बसेको छ ।' यो विवाह पितृसत्तात्मक सोचबाट ग्रसित भएको समाजलाई एउटा उदाहरण हो । अहिले गीता र उनका श्रीमान् घरजम गरेर रमाइलो जीवन चलाउँदै छन् । गीताकी छोरीलाई सासूससुराले नै पालेका छन् । नयाँ श्रीमान्‌ले पनि छोरीलाई धेरै माया गर्छन् । उनीहरूको जीवन खुसीसँग चलेको छ । विवाहपछि छोरी श्रीमान्‌को घरमा पुग्दा बुहारी हुन्छिन् । नेपाली बुहारीको कर्तव्य र जिम्मेवारीको फेहरिस्त निकै लामो हुन्छ । जन्मघरमा न्यानो पाउने छोरीहरूले कर्मघर पुगेपछि धेरै हन्डर खाएका थुप्रै उदाहरण छन् । तर, झापा धरमपुरका उत्तमकुमार गौतमले पनि बुहारी निर्मला कट्टेल (गौतम) लाई छोरीकै दर्जा दिएर कन्यादान गरिदिए । बेहुलीकै रूपमा बिदा हुँदा सासूससुरालाई आमाबुवाको अवतारको रूपमा पाउने उनी भाग्यमानी बुहारी बनिन् ।

'मेरो विवाह हुने भन्ने सुनेपछि धेरैले नाक खुम्च्याएका थिए,' निर्मलाले सम्झिइन्, 'तर, अहिले हाम्रो जीवन सहज र सुखसँग चलेको छ ।' ५ वर्षअघि विवाह भएपछि निर्मलालाई घरजमबाट निकै सन्तोष मिलेको छ । धरपुर- २ का गणेशबहादुर कार्कीले निर्मलाको हात थामेका थिए । यो विवाह गराउन निर्मलाका काकाससुरा उत्तमकुमार गौतम र गणेशकी दिदी छविकुमारी निरौलाले तारतम्य मिलाएका थिए । गणेश भन्छन्, 'हामीले समाजमा मौजुदा चलनलाई चुनौती दिँदै विवाह गरेका हौँ ।' निर्मलाको पहिलो विवाह तोपगाछीका टंकप्रसाद गौतमसँग भएको थियो । तर, तीन वर्ष पहिले श्रीमान् र सासूससुराको मृत्यु भएपछि उनको एकाङ्गी जीवन सुरु भएको थियो । कालले सबै परिवारलाई लगेपछि उनको एक्लो जीवनले तीन वर्ष मानसिक रूपमा प्रताडित हुनुपऱ्यो । उनले भनिन्, 'परिवारका सबैको मृत्यु भएपछि मलाई बाँच्नुपर्ने आधार नै समाप्त भएजस्तो लाग्यो, तर जीवन जिउनेहरूका लागि हो भन्ने पाठ आफन्तले सिकाउनुभयो ।' आफन्तको विछोडको बज्रपात सहने मनोबल दिन काकाससुरा उत्तमले हौस्याइरहेका थिए । आखिर यही हौसला र साहस बटुलेरै उनले एकल महिलाको 'पगरी' खोलेर दोस्रो विवाह गर्ने निर्णय गरेकी थिइन् ।

विवाहका दिन तोपगाछी- ३ मा रहेका उनका घरका आफन्त र माइती पक्ष संलग्न भए, घरपट्टि गौतम परिवारका पनि उल्लेख्य उपस्थित थिए । 'अब त दुवैपट्टि माइती हुनुभएको छ,' उनले थपिन्, 'समय मिलाएर दुवैतिर जान्छौँ, उत्तिकै माया गर्नुहुन्छ ।' गणेशले विवाहपछि दुल्हन फर्काउन तोपगाछी समयगढस्थित निर्मलाको पहिलो घर नै रोजे । त्यसपछि मात्र निर्मलाको माइतीकहाँ बेहुलाबेहुली पुगे । गणेश भन्छन्, 'पहिले त मलाई हामीले सामान्य रूपमा विवाह मात्र गरेझैँ लागेको थियो, तर जब ठाउँठाउँमा सम्मान र प्रशंसा गर्न थाले अनि मात्र राम्रो काम गरेँछु भन्ने लाग्दै छ ।'

झापा धुलाबारीका स्थायी बासिन्दा गणेशबहादुर कार्की गरिखान श्रीमती र दुई छोरा लिएर धरमपुर- २ झरेका थिए । तर, उनी वैदेशिक रोजगारीमा गएका बेला श्रीमतीले छोरा छाडेर अन्तै विवाह गरिन् । श्रीमतीको विवाहपछि एक्लै भएका उनी बाँकी जीवन बिताउने र छोरालाई कसरी पढाउने भन्ने औडाहामा थिए । उनलाई पनि छोराको भरणपोषण गर्ने र घर सम्हाल्ने जीवनसङ्गीको साथ चाहिएको थियो । 'हाम्रो जोडीलाई दैवले नै जुराइदिएका रहेछन्, अनि त उस्तै परिस्थितिमा भेट भएर विवाह भयो ।' गौतम भन्छन्, 'आफन्तबाटै विवाहको कुरा चलेपछि उनले पनि नाइँनास्ती गरिनन्, म त तयार नै थिएँ ।'

विराटनगरकी महिला अधिकारकर्मी मञ्जिता उपाध्याय समाजमा बिस्तारै एकल महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थालेको बताउँछिन् । उनी भन्छिन्, 'विधवाको मान्यता दिएर अपहेलना गर्ने बुहारीलाई हिजोआज परिस्थिति हेरेर विवाह गरिदिने चलन पनि बढ्दै गएको छ । यसले समाज रूपान्तरणमा बल पुग्दै छ ।' उपाध्याय कुनै कारणले श्रीमान् गुमाउने एकल महिलाले इच्छा गर्दा फेरि घरजम गरेर बस्दा फरक नपर्ने बताउँछिन् । नेपाल महिला सङ्घ मोरङकी सचिव प्रमिला थापा एकल महिलालाई समाजले हेर्ने दृष्टि अझै सकारात्मक नरहेको टिप्पणी गर्दै भन्छिन्, 'विवाहपछि कुनै कारण श्रीमान्‌को मृत्यु भए महिलालाई आफन्तबाटै अपहेलना गर्ने प्रवृत्ति अझै घटेको छैन ।' उनले सासूससुराकै पहलमा कतिपय ठाउँमा बुहारीको पुनर्विवाह गर्ने क्रम बढ्नुले एकल महिलाको जीवन फेरि सुरु हुन सक्छ भन्ने थिति बसाल्न मद्दत पुग्ने बताइन् ।

*(संचारिका फिचर सेवा)*

# अब बालमैत्री वडा शासन

**सुवास योन्जन/बोच, दोलखा**

नेपालको संविधान २०७२ कार्यन्वयनमा आए पछि स्थानीय निकायलाई बालमैत्री बनाउने अभियान केही अन्योलमा परेको थियो । तर, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्र गरेर पुराना कार्यक्रमहरुको निरन्तरता रहने स्पष्ट पारेसँगै स्थानीय तह बालमैत्री बनाउनुपर्ने अभियानले निरन्तरता पाउने भएको छ ।

नेपाल सरकार (मन्त्रीपरिषद) को २०७३ फागुन ९ गते स्थानीय तहको शासन सन्चालन सम्बन्धमा जारी गरिएको आदेशमा बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्ने जिम्मा गाउँपालिका, नगरपालिका र वडा तहलाई दिईएको छ । स्थानीय तहका काम, कर्तव्य र अधिकारको व्याख्या गर्दै मन्त्रालयले सुरक्षित मातृत्व, बिद्यार्थी भर्ना, पूर्ण खोप, पूर्ण सरसफाई, वातावरणमैत्री र बालमैत्री जस्ता प्रबर्द्धनात्मक कार्य स्थानीय तहले गर्ने भनेर तोकेको छ ।

बालबालिकालाई भविष्यमा एउटा असल र सिर्जनशील बयस्कका रुपमा समाजमा स्थापित हुने गरी हुर्कन पाउने अधिकारलाई स्थानीय तहको नीति कार्यक्रममा समाबेश गर्नु नै बालमैत्री शासन हो । यस्तो शासन प्रणाली स्थापना गर्न नेपालको संविधान, २०७२ ले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उल्लेख गरेको छ । यसका निम्ति परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्र सबैले जिम्मेवारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नु पर्छ । बालबालिका स्वयम् पनि सचेत र उमेरअनुसार जिम्मेवार हुनु पर्छ ।

बाल अधिकारकर्मी कृष्ण सुवेदीकाअनुसार नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी अनुमोदन गरीसकेको परिप्रेक्ष्यमा राज्यका नीतिहरु यसतर्फ केन्द्रित हुनु स्वभाविक भएको बताए । संयुक्त राष्ट्रसंघबाट सन् १९८९ मा पारित बालअधिकार सम्बन्धी महासन्धीलाई संसारका १९३ राष्ट्रले समर्थन जनाएका छन् र यो सबैका लागि अन्तर्राष्ट्रिय कानून बनीसकेको छ । नेपालले सन् १९९० मा यसलाई अनुमोदन गरेको हो । यस महासन्धीमा १८ वर्ष मुनिका सबैलाई बालबालिका मानिएको र उनीहरुका अधिकारको संरक्षण तथा प्रवर्धन गर्नु सबैको दायित्व रहेको उल्लेख गरिएको छ ।

बाल अधिकार महासन्धीमा उल्लेखित बालअधिकारलाई सरल तरिकाले बुझ्न यसलाई चार समूहमा राखेर हेर्नु पर्ने सुझाव बाल अधिकारकर्मी सुम्निमा तुलाधरको सुझाव छ । उनको तर्क छ, 'तर यी बालअधिकारका चार समुहहरु एक आपसमा दुर्व्यवहारबाट बचौं र बचाऔं अत्यन्त सम्बन्धित र परिपूरक छन् । यी सबै अधिकार प्रत्येक बालबालिकाले बिना भेदभाव पाउनु पर्छ ।' 'बाल्यकाल मानव जीवनको एक संवेदनशील अवधि हो । तसर्थ बालबालिकाको संरक्षणका निमित्त सबै पक्षहरुमा विशेष ध्यान दिनुपर्दछ । घरपरिवार, विद्यालय, छर छिमेक, समाज सबै ठाउँमा बालबालिकाले संरक्षण पाउनुपर्छ । सबैबाट बालअधिकारको सम्मान हुनुपर्दछ । तर हाम्रो समाजमा धेरै बालबालिका आधार भूत अधिकारबाट बञ्चित भइरहेका छन्' त्रिभूवन बिश्वबिद्यालय ग्रामीण विकास विभागका प्रमुख प्रा. डा. प्रेम शर्माकाअनुसार 'बालबालिका दुर्व्यवहार, शोषणमा पर्ने गरेका घटनाहरु सञ्चारमाध्यम लगायतमा आईरहेका छन् । यस्ता घटनाहरुबाट बच्नका लागि बालबालिका तथा किशोरकिशोरीहरु स्वयम् आफ्ना अधिकारबारेमा सचेत हुनु जरुरी छ ।' उनले थपे, 'बालबालिका विरुद्धमा हुने शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवहार, भावनात्मक दुर्व्यवहार, हेपाई लगायतका कुराबारेमा जानकार हुँदै त्यसबाट आफू कसरी बच्ने र साथीसंगीलाई पनि कसरी बचाउने भन्नेबारेमा सबै सचेत हुन आवश्यक छ । यसका साथै बालबालिकालाई यस्ता दुर्व्यवहारहरुबाट बचाउनु वयस्कहरुको दायित्व हो । त्यसैले अभिभावक, घर परिवार, विद्यालय, समाज र सबै सरोकारवालाहरुले सबै ठाउँ, सबै परिस्थितिमा बालबालिकाको संरक्षणको निम्ति सजग भईरहनु पर्दछ ।'

बाँच्न पाउने अधिकार बालबालिकाको सर्बाधिक प्राथमिक बाल अधिकार हो । बाल अधिकार अभियन्ता राजन बस्नेत भन्छन्, 'बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार तथा बालबालिकाको सुरक्षित रूपमा जन्म हुनु पर्दछ । जन्मेपछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ ।'

त्यसै गरी बाल अधिकारको अर्को खम्बा बाल संरक्षणबारे व्यख्या गर्दै स्थानीय बाल अधिकारकर्मी जीवन लामाले भने, 'प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुर्व्यवहार अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा संलग्न हुनु पर्ने स्थिति, ओसारपसार तथा बेचबिखन र बाबुआमाबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनु पर्छ । अपाङ्ग तथा अनाथ बालबालिकाको निम्ति बिषेश व्यवस्था हुनुपर्छ ।'

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया ममता पाउने अधिकार पनि छुट्नु हुन्न । भीमेश्वर नगरपालिकाका स्थानीय बालमैत्री स्थानीय शासनका फोकल पर्सन ज्ञान बहादुर खड्काले बताए, 'उचित स्वास्थ्योपचार लगायत बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु सबै बालबालिकाले पाउनु पर्छ ।बालबालिकाहरुसँग सम्बन्धित बिषयमा उनीहरुले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरुको उमेर र परिपक्वताअनुसार त्यसलाई उचित मान्यता पनि दिइनुपर्दछ । रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलापमा बिना भेदभाव सहभागी हुन पाउने, बालबालिकाको क्लब, समुह खोल्न वा सहभागी हुन पाउनेलगायतका अधिकारहरु सबै बालबालिकाले पाउनु पर्छ ।'

सबै प्रकारका दुर्व्यवहार, हिंसा र शोषणबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो भन्ने कुरा बालअधिकार महासन्धीको धारा ३६ मा ब्याख्या गरिएको छ । बालबालिकाको संरक्षणका लागि उनीहरुलाई हानि पुऱ्याउने सम्भावित जोखिम के के हुन् ? ति जोखिम कसरी आईपर्छन् ? विभिन्न उमेर समुह, लिंग तथा अन्य सामाजिक स्तर वा विभिन्न परिस्थितिमा रहेका बालबालिकालाई त्यसले कस्तो असर पार्छ ? सम्भावित जोखिमहरुबारे जानकारी भएपछि सोलाई कसरी न्यूनिकरण गर्ने र बालबालिका विरुद्ध हुन सक्ने नराम्रा कुराहरु रोक्ने भन्ने सम्बन्धमा कसरी ध्यान पुऱ्याउने भन्नेबारेमा सबै सचेत हुन जरुरी छ ।

यिनै अधिकारको प्रवर्द्धन गर्न बालमैत्री स्थानीय शासनले सहयोग गर्दछ । बाल गतिविधिले बालबालिकालाई अधिकारप्रति सचेतना र क्षतिको असरबाट जोगाउँछ । देशमा स्थानीय तहको पुनर्सरचनापछि यिनै बिषयमा केन्द्रित भएर बाल मैत्री स्थानीय शासन प्रबर्द्धन गर्न जरुरी छ ।

*–साभार: मीरेष्ट लेखमाला*

कविता

# मालिक ! हजुरले त जित्नैपर्छ



● प्रेम ओली (ढकलपुरे)

मालिक !
चुनाव त हजुरले जितिसिनै पर्छ
यी झिनामसिना पार्टी आए भने
फेरि विकास गर्लान्
हजुरहरुले अट्काइरहेका
देशका समस्याको निकास गर्लान्
हजुरले त विकास नगरिसे पनि के भो र
राणा शाशन ढालिस्यो
राजतन्त्र फालिस्यो
जमिनदारको टाउको काटिस्यो
शिक्षकको खुट्टा भाँचिस्यो
मानवअधिकारलाई टुकैचामा सेलाएर
तान्डप नृत्य नाचिस्यो
कमिसनमा लागेर
दुई चार करोड कमाएर के भो त
हजुरले त प्रभुलाई सदनमा
बेस्सरी गाली गरेर पनि
लैनचौरमा सुटुक्क गई
घपलक्क ढोक्न सकिसिन्छ
सडकमा तथानाम भनेर पनि
दिल्लीमा गई
गरप्प सलाम ठोक्न सकिसिन्छ
यी भर्खर आएका साना पार्टीले
हजुरहरुलाई च्यालेन्ज गर्ने ?
मालिक !
हामीले अरुलाई भोट नहाले पनि
बुथकब्जा गरेर हुन्छ कि
ब्यालेट कब्जा गरेर हुन्छ
मतगन्दा हुन्छ कि
अरुलाई मतपत्र च्यातभन्दा हुन्छ
जित्न त हजुरले जित्नैपर्छ
नयाँ नयाँ पार्टीलाई त
साँढेले झैँ मिच्नैपर्छ
हजुरहरु त
आज विपक्षी नेतालाई मार गाली गरेर
भोलि काँध मिलाएर हिँड्न सकिसिन्छ
आज कुम जोडेर हिँड्नेसँग पनि
भोलि कुर्सी हानाहान गरी भीड्न सकिसिन्छ ।

मालिक ! नयाँ पार्टीलाई त
क्रिश्चियनको आरोप लागाएर हुन्छ कि
एनजिओ आईएनजियोसँग मुछेर हुन्छ
थलथल पार्नु पर्छ
चुनाव चिन्ह नदिएर हुन्छ कि
पार्टीको मान्यता न दिएर हुन्छ
तलतल झार्नु पर्छ
यो देशका राजाहरु त अब
हजुरहरु त होइसिन्छ
बरु दुईचार ठाममा हारेर
मालिक ! किन रोइसिन्छ ?

भ्रष्टचारदेखि डर लाग्छ भने
महाघुसखोरीलाई
अख्तियारको नाइके बनाइस्यो
अपराधदेखि डर लाग्छ भने
चम्चेहरुलाई अदालतको लाउके बनाइस्यो
साना पार्टीलाई त
सके मनोनयन हाल्न नदिने
हाले पनि राम्रो चिन्ह न दिने
झिना मसिना पार्टी कराए के हुन्छ
हजुरहरु त यो देश महाराज, कसले के छुन्छ ?
मालिक ! हजुरको मान्छेले हारे पनि
हजुरले त जित्नैपर्छ
दनक दिएर हुन्छ कि गणक बिगारेर हुन्छ
ऐन कानुन होस् कि आचारसंहिता मिचेर हुन्छ
जित्नलाई त ऐन कानुन मिच्नै पर्छ
मालिक, हजुरले त जित्नै पर्छ ।

# बालबालिका प्रयोग नगरौं

**मुक्त श्रेष्ठ**

बालबालिका राष्ट्रको सम्पति, बाल हिंसा गरेमा आपत्ति ।
बालअधिकार बालबालिकालाई दिलाऔं, नारा जुलुस सभामा नपठाऔं ॥
बालबालिका प्रयोग नगरौं चुनाव, प्रचार प्रसारमा नपठाऔं ।
झन्डा बोक्ने मालसामान बोक्नलाई, प्रयोग नगरौं बालबालिकालाई ॥
बालअधिकार बुझेर सबैले, बालबालिका प्रयोग नगरौं कसैले ।
सचेत रहौं नेता र जनता हो, बाल प्रयोग नगर्दा राम्रो हो ॥
आचार संहिता मान्नेलाई हाई हाई छ ।
बालअधिकार दिलाऔं, है बाई बाई छ ॥

सानो छ देश, सबैमा उच्च छ पहिचान,
संघीय देश, संघीय राज्य हुँदैछ चुनाव ।
स्थानीय चुनाव हुँदैछ अहिले यो हाम्रो देशमा,
नेता र जनता सक्रिय रुपमा ॥
लागेको छ चुनावमा आचारसहिंता पालना गर्न सबैले पर्दछ ।
जो जसले यहाँ उल्लघंन गरे, सजाय भोग्द छ ॥
बालबालिकालाई चुनावमा प्रयोग नगरौं
कसैले नेता र जनता दाजु र भाई बुझ्नु छ सबैले ।
पार्टी र नेता बुझेर सबै नियमपालना
बालबालिकालाई प्रयोग गर्न हुँदैन भनन् ॥
बालबालिकालाई प्रयोग नगर्ने, पार्टीलाई हाई हाई छ ।
सबैले सोचौं, सबैले बुझौं हार्दिक बधाई छ ॥

*खनियापानी, रामेछाप*

# अरबी समस्या सुल्झाउन कुवेतको चासो



**विष्णु भट्टराई**

विभिन्न ६ वटा अरब राष्ट्रले अर्को अरब राष्ट्र कतारसँगको कूटनीतिक सम्बन्ध विच्छेद गरेका छन् । यसरी सम्बन्ध विच्छेद गर्नेमा दुई साताअघि मुस्लिम राष्ट्रहरूको सम्मेलन आयोजना गरेको साउदी अरब र इजिप्टसमेत रहेका छन् ।

कतारले यस क्षेत्रको क्षेत्रीय स्थिरतामा असर पारेको र चरमपन्थी समूहलाई आर्थिक सहायता दिएर संरक्षण गरेको आरोप लगाउदै ६ वटा देशले कूटनीतिक सम्बन्ध अन्त्य गरेका हुन् । कतारमाथि यी राष्ट्रले चरमपन्थी संगठन इस्लामिक स्टेट (आईएस) र अल कायदालाई आर्थिक सहयोग गरेको आरोप लगाएका छन् ।

साउदी अरबको राष्ट्रिय समाचार एजेन्सी एसपीएले रियादले कतारसँगको स्थलगत, हवाई, सामुद्रिक सीमा बन्द गरेको जनाएको छ । अमेरिका नजिकका शक्तिशाली अरब राष्ट्रहरूको यो कदमले खाडी राष्ट्रबीच ठूलो विभाजन हुने देखिएको छ । खाडी राष्ट्र र छिमेकी इरानबीच बढ्दो तनावबीच यस्तो निर्णय आएको हो ।

साउदीले कतारमाथि बहराइनको पूर्वी इलाकामा इरान समर्थित आतंकवादी समूहलाई सहयोग गरेको आरोप लगाएको छ । दुई मुस्लिम राष्ट्र साउदी र इरानबीच लामो समयदेखि तनाव रहँदै आएको छ ।

यमनमा जारी द्वन्द्वमा सामेल हुथी विद्रोहीलाई इरानले नै आर्थिक र हतियार सहयोग दिने गरेको साउदीको आरोप छ । सो समूहविरुद्ध साउदी नेतृत्वको गठबन्धनले यमनमा कारबाही जारी राखेको छ ।

तेलको धनी सानो राष्ट्र कतारले भने कूटनीतिक सम्बन्ध विच्छेदको निर्णय औचित्यहीन र सत्यतथ्यमा आधारित नरहेको बताएको छ । कतारले साउदी अरब, इजिप्ट, संयुक्त अरब इमिरेट्स (यूएई), बहराइन, यमन र लिबियाको निर्णय कुनै वैध औचित्यमा आधारित नरहेको स्पष्ट पारेको छ । आफ्नो देशसँगको कूटनीतिक सम्बन्ध तोडेपछि प्रतिक्रिया दिँदै कतारले यो आफ्नो देशको सम्प्रभुतामाथिको उल्लंघन भएको बताउँदै आफ्ना नागरिक र लाखौं जनतामाथि कुनै असर हुन नदिने वचन दिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'यो आधारहीन हो, जुन प्रकारको दाबी गरिएको छ, त्यसको कुनै औचित्य छैन । यो निर्णयले नागरिक र कतारवासीमाथि कुनै प्रभाव पर्नेछैन ।' कतारी विदेशमन्त्रीद्वारा जारी विज्ञप्तिमा 'यो हाम्रो राज्यमाथि आफूहरूको प्रभुत्व कायम गर्ने उद्देश्यले आएको हो र कतारको सम्प्रभुताको ठाडो उल्लंघनसमेत हो ।'कतारले आफ्नो समाज र अर्थतन्त्रलाई तहसनहस पार्ने षड्यन्त्रबाट अरब राष्ट्रहरूको पछिल्लो निर्णय आएको उल्लेख गरेको छ ।

साउदी अरब, यूएई र बहराइनले आफ्ना देशमा रहेका कतारी पर्यटकलगायत सबैलाई देश छाड्न दुई साताको समय दिएको छ । यूएईले कतारी कूटनीतिज्ञलाई देश छाड्न ४८ घन्टाको समय दिएको छ ।

यसैगरी सम्बन्ध विच्छेदको घोषणा गरेसँगै इत्तिहाद, इमिरेट्स एयरलाइन्सका उडानहरूसमेत रद्द भएका छन् भने कतार एयरवेजलाई एयरस्पेस नदिने भएपछि साउदीका उडानहरू रद्दभएका छन् । दुई साताअघि मात्रै इजिप्ट, साउदी अरब, बहराइन र यूएईले कतारी अनलाइनहरू ब्लक गरेका थिए । यसअघि सन् २०१४ मा साउदी अरब, बहराइन र यूएईले केही महिना आफ्ना राजदूतहरूलाई कतारबाट फिर्ता बोलाएका थिए । कतारसँगको यो सम्बन्ध विच्छेदको घटनाले सन् २०२२ मा आयोजना हुने विश्वकप फुटबललाई समेत असर पर्ने कतिपयको विश्लेषण रहेको छ ।

कतारमाथि लागेको यो प्रतिबन्धसँगै सोमबार त्यहाँको सेयर बजारमा गिरावट आएको छ भने खाद्यान्नको समेत समस्या हुने देखिएको छ । कतारमा आयात हुने खाद्यको ४० प्रतिशत साउदी अरबबाट लोरीमार्फत जाने अनुमान छ । सोमबार बिहानदेखि नै कतारमा खाद्यान्न तथा पानीको सञ्चित गर्नका लागि सर्वसाधारणकोबजारमा भिड लागेको छ । अमेरिकी विदेशमन्त्री रिक्स टिलरसनले भने अरब मुलुकहरूको यो समस्यालाई वार्ता र छलफलका माध्यमबाट समाधान गर्न आग्रहगरेका छन् । इरानले कतार र अन्य अरब मुलुकबीच देखिएको समस्या राजनीतिक वार्ता र शान्तिपूर्वक समाधान गर्न दुवै पक्षबीच संवाद गर्न आग्रह गरेको छ ।

**कुलभूषण जाधव र अन्तर्राष्ट्रिय अदालतको आदेश**

सन् २०१६ मा पक्राउ परेका भारतीय नागरिक कुलभूषण जाधवलाई पाकिस्तानको अवैध रूपमा जासुसी गर्न छिरेको आरोपमा एक महिनाअघि मृत्युदण्डको सजाय सुनाइएपछि अन्तर्राष्ट्रिय न्यायिक अदालतले त्यसलाई रोक्न आदेश दिएको हो । अन्तर ाष्ट्रिय अदालत अर्थात् आईसीजेको यो आदेशपछि त्यसले नयाँ बहसको सिर्जना गरिदिएको छ । पाकिस्तानले पक्राउ परेका जाधवले आफू जासुस भएको स्वीकार गरेको दाबीसहित मृत्युदण्डको सजाय सुनाएको थियो । पाकिस्तानी सेनाले भनेको थियो, 'कुलभूषण जाधवले बलुचिस्तानमा भारतीय जासुसी संस्था 'रअ' का लागि काम गरेको अनि आतंकवादी गतिविधिमा संलग्न रहेको कुरा कबुलेका थिए ।' पाकिस्तानको आरोप छ, 'जाधव इन्डियन नेभीको सर्भिङ अफिसर हुन् । उनी सिधै 'रअ' को प्रमुखसँग कुराकानी गर्छन् । 'रअ' सँग सम्पर्क राख्ने कोड पनि उनले हामीलाई बताएका छन् । उनले इरानमा 'रअ' को आधार इलाका समेत खडा गरेका थिए ।' भारतले भने उनलाई इरानबाट पक्राउ गरेको दाबी गर्दै जाधवलाई यातना दिएर यस्तो भन्न लगाइएको बताउँदै आएको छ । यद्यपि, भारतले जाधव आफ्ना नेभी अफिसर भएको कुरा भने स्वीकार गरेको छ । भारत र पाकिस्तानबीचको संघर्षकै क्रममा एक अर्का देशमाथि जासुसी गर्ने र त्यसले पैदा गरेको अविश्वासको परिणामस्वरूप यसप्रकारका घटनाहरू बेलाबेलामा हुने गरेका छन् ।



सन् १९७० मा महाराष्ट्रमा जन्मिएका कुलभूषण जाधव भारतीय नौसेनाका पूर्वसैनिक अधिकारी हुन् । उनलाई पाकिस्तानको जासुसी गरिरहेका बेला पक्राउ गरेको पाकिस्तानले दाबी गर्दै आएको छ । भारतले भने उनी जासुसी भएको कुरालाई अस्वीकार गर्दै उनी नेभीका रिडायर्ड अधिकारी भएको र उनको इरानमा कारोबार रहेको बताउँदै आएको छ ।

अन्तर्राष्ट्रिय अदालतले पाकिस्तानको जासुसी गरेको आरोपमा पक्राउ परेर जेलमा रहेका जाधवको मृत्युदण्डमाथि रोक लगाएसँगै अब उनलाई पाकिस्तानले तत्कालै मृत्युदण्ड दिन सक्नेछैन । आईसीजेले कुलभूषण काण्डमा भारतको दाबीअनुसार नै भियना सन्धि लागू हुने र सुनुवाइ गर्ने अधिकार आफूहरूसँग रहेको जनाएको छ । त्यति मात्रै होइन आईसीजेले उनलाई भेट्न दूतावासका अधिकारीहरूलाई दिन र कुनै खतरा नरहेको सुनिश्चित गर्न आदेशसमेत दिएको छ । अन्तर्राष्ट्रिय न्यायालयमा ११ जना न्यायाधीशको बेन्चले कुलभूषण जाधवको गिरफ्तारीबारे रहेको विवादको निरूपण गर्न र उनको मृत्युदण्डको फैसलालाई आदेश दिँदै भारत र पाकिस्तान सन् १९७७ देखि नै भियना सन्धिको अंग भएको स्मरणसमेत गराएको छ । यद्यपि, आईसीजेको फैसला पाकिस्तानका लागि बाध्यकारी नै हुन्छ भन्ने चाहिँ अहिले नै भन्न सकिँदैन । पाकिस्तानले यो फैसलालाई नमानेमा भारतले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा अपिल गर्न सक्नेछ । सुरक्षा परिषद्मा यो मुद्दा गएको खण्डमा भने पाकिस्तानलाई फैसला मान्नका लागि बाध्य बनाउन सक्नेछ । भिटो शक्ति भएका राष्ट्रले अवरोध नगरेको खण्डमा भने पाकिस्तानमाथि दबाब चुलिनेछ । तर, पाकिस्तानी विदेश मन्त्रालयले भने अन्तर ाष्ट्रिय अदालतमा कुलभूषण जाधवको मुद्दा लगेर आफ्नो असली अनुहार लुकाउने कोसिस गरिरहेको आरोप लगाएको छ ।

सन् २०१७ फेब्रुअरीसम्म यसमा १ सय ९१ राष्ट्रले हस्ताक्षर गरिसकेका छन् । यो सन्धिअनुसार कुनै देशले आफ्नो सीमाभित्र कुनै विदेशी नागरिकलाई पक्राउ गरेमा कुनै ढिला नगरी सो देशको राजदूतावासलाई जानकारी दिनुपर्छ । भारतले आईसीजेको धारा ३६ को प्रावधानलाई टेकेर जाधवको मुद्दा उठाएको हो । यो सन्धिअनुसार राष्ट्रिय सुरक्षाको विषयमा जासुसी या आतंकवाद आदिमा सम्लग्न भएको आधारमा पक्राउ गरेमा त्यस्ता नागरिकलाई राजनीतिक पहुँच नदिन पनि सक्छ । यसैलाई आधार मानेर पाकिस्तानले उनलाई कुनै राजनीतिक पहुँच दिन अस्वीकार गर्दै आएको छ । पाकिस्तानमा भने आईसीजेको फैसलालाई लिएर सामाजिक सञ्जालमा समेत विरोध भएको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताले यसलाई विभेदकारी भएको टिप्पणी गरेका छन् । पाकिस्तानमा जाधवलाई फाँसीको सजाय दिनुपर्ने आशयका ट्विटहरू सार्वजनिक भएका छन् । पाकिस्तान सरकारले यसलाई राष्ट्रिय सुरक्षामाथिको हस्तक्षेपको रूपमा लिएको छ ।

कुलभूषण जाधवको मृत्युदण्डको विषयलाई लिएर भारतीय सञ्चारमाध्यमले नेपाललाई समेत मुस्ने कोसिस गरे । कुलभूषणलाई मृत्युदण्डको सजाय सुनाउने फैसला आएको केही समयअघि पाकिस्तानी सञ्चारमाध्यममा पाकिस्तानी रिटायर्ड आर्मी अफिसर लेफ्टिनेन्ट कर्णेल महुम्मद हबिब जाहिर बेपत्ता भएको समाचार आएको थियो । यसै विषयलाई लिएर यो घटनामा दुवै देशका मिडियामा यी घटनामा आपसी सम्बन्ध रहेको चर्चा परिचर्चाका समाचार ल्याए भने सामाजिक सञ्जालका भित्तामा पनि यो घटनाले प्रमुखता पायो । पाकिस्तानले आफ्ना पूर्वअफिसर बेपत्ता भएको कारण दबाबमा कुलभूषणलाई फाँसीको सजाय दिने योजना बनाएको आशयको समाचार भारतको



इन्डियन एक्सप्रेसमा आएपछि त्यसले झनै महत्व पायो ।

इन्डियन एक्सप्रेसमा आएको समाचारअनुसार हबिब भारतका पूर्वनौसेनाका अधिकारी कुलभूषणलाई सन् २०१६ को मार्चमा अपहरण गर्ने समूहमा सहभागी रहेको रिपोर्टका आधारमा भारतीय गुप्तचर एजेन्सी लामो समयदेखि यसै विषयमा अनुसन्धानमा केन्द्रित थियो । उनी अन्तिमपटक नेपाल-भारत सीमाक्षेत्र नजिक पर्ने नेपाली भूमि लुम्बिनीमा देखिएका थिए । दुवै देशका मिडियामा हबिब बेपत्ता भएको र जाधवलाई फाँसीको सजाय सुनाइएको घटना चर्चामा आएको थियो । यी दुवै घटनाको आपसमा सम्बन्ध जोडिएको हुन सक्छ । हबिब भारतीय एजेन्सीको हिर ासतमा रहेको पाकिस्तानलाई थाहा भएपछि कुलभूषणको मुद्दामा फैसला आएको भारतीय पक्षको बुझाइ छ ।

यसअघि पीटीआईका लागि पाकिस्तानमा रिपोटिङ गरिसकेका रिजाउल हसन लस्करले भनेका थिए, 'भारतले नौसेनाका पूर्वअधिकारी जाधवमाथि लागेको जासुसीको आरोपलाई खारेज गरेको थियो । के जाधवलाई सुनाइएको मृत्युदण्डको सजाय र पाकिस्तानी सेनाका अधिकारीको नेपालमा भएको अपहरण घटना आपसमा जोडिएका छन् ? यदि यस्तो हो भने यो फैसला अदूरदर्शी देखिन्छ ।' पाकिस्तानी मिडियाले हबिब सन् २०१४ मा पाकिस्तानी सेनाबाट रिटायर भए र गुप्तचर एजेन्सीका लागि काम गर्न थालेको जनाएका छन् । उनले ६ अप्रिलमा सम्पर्कमा आएको र ५ अप्रिलमा नेपाल आएको परिवारको दाबी छ । अप्रिलमा हबिब भारतीय सीमाबाट करिब ६ किलोमिटरको दूरीमा रहेको लुम्बिनीबाट बेपत्ता भएका थिए । यसका पछि भारतीय गुप्तचर एजेन्सी 'रअ' को हात रहेको आशंका पाकिस्तानलाई छ ।

**अरबी मुलुकका समस्या सुल्झाउन कुवेतको चासो**

विगत तीन दिनमा एकदमै नाटकिय ढङ्गबाट गल्फका सबैजसो अरबी मुलुकहरु तथा माल्दिभ्सलगायत सातवटा इस्लामी राष्ट्रहरुले कतारसंग दौत्य सम्बन्ध बिच्छेद गरेकामा यस समस्या सुल्झाउनका लागि मध्यस्थता गर्न कुवेतले चासो देखाएको छ ।

बेलायतको म्यान्चेस्टरमा गरिएको बिभत्स आतङ्ककारी आक्रमणको दुई हप्ता बित्न नपाउँदै बेलायतकै लन्डन ब्रिजनजिक अर्को भीषण आतङ्ककारी आक्रमणको घटना दोहोरिएपछि सम्पूर्ण युरोप भयभीत भई तीब्र खैलाबैला मच्चिएको थियो ।

पछिल्लो आक्रमण इस्लामिक स्टेट्स आतङ्कवादी सङ्गठन (आइएस) ले गराएको दाबी गरेको थियो । आइएसका सशस्त्र लडाकू समूहलाई भित्रभित्रै सहयोग गरेको, अमेरिका, युरोपेली सङ्घलगायत पश्चिमी मुलुकहरुद्वारा कडा प्रतिबन्ध लगाइएको इरानसंग गहिरो साठगांठ राखेको र मध्यपूर्वका राष्ट्रहरुबीच आपसी मतभेदकारी निती अवलम्बन गरेको इत्यादि आरोपमा गल्फका छ अरबी राष्ट्रहरु - इजिप्ट, लिबिया, साउदी अरब, युनाइटेड अरब इमिरेट्स, बहराइन, येमन तथा टाढाको दक्षिण एसियाली राष्ट्र माल्दिभ्स समेत सातवटा मुलुकहरुले कतारसंग दौत्य सम्बन्ध बिच्छेद गरेका थिए ।

विगत तीन दिन भित्रै नाटकीय ढङ्गबाट एक्कासी विकसित भएको यस घटनाक्रममा ती मुलुकहरुले कतारस्थित आ-आफ्ना कूटनीतिक नियोग वा राजदूतावासबाट राजदूतलगायत सबै कर्मचारीहरु फिर्ता बोलाउनुका साथै आफ्नो मुलुकमा रहेका कतारका सबै कूटनीतिक कर्मचारी एवम् नागरिकहरुलाई देश छोड्ने आदेश दिए ।

त्यत्ति मात्र नभई ती राष्ट्रहरुले आफ्नो जलमार्ग, स्थलमार्ग तथा हवाईमार्गका नाकाहरु प्रयोग गर्नबाट कतारका पानी जहाज, गाडी तथा विमानहरु लाई प्रतिबन्ध लगाउने तथा आफ्नो देशका सबै विमान सेवाहरुले कतारका कुनै पनि गन्तव्यतर्फ उडान नगर्ने निर्णय लिएका थिए । अझ कतारसंग स्थल सीमा जोडिएको मुलुक युनाइटेड अरब इमिरेट्सले आफ्नो सीमा समेत बन्द गरेको थियो ।

यस सङ्कटको स्थितिलाई चिर्दै आक्रोश मत्थर पार्न सबै पक्षले विश्वास गर्ने खाडीकै कुनै एक गतिलो राष्ट्रको मध्यस्थताको टड्कारो आवश्यकतालाई गम्भीरतापूर्वक महसूस गरिएको अवस्थाबीच कुवेतले मध्यस्थता गर्ने चासो देखाएको छ । यस सम्बन्धमा, कुवेतका विदेश मन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले कतारका शासक अमीर शेख तामिम बिन हमाद अल थानीसंग कुराकानी पनि गरिसकेका छन् ।

बिग्रिएको सम्बन्ध पुनः स्थापना गरी पुरानै स्थितिमा फर्काउन कुवेतले सक्दो प्रयास गर्ने कतारका कुनै पनि नेता वा अधिकारीले यस सङ्कटबारे हाल मुख नखोल्न वा बकबक नगर्न कुवेतका शासकले कतारका अमीर शेख तामिम बिन हमादसंग अनुरोध गर्नु भएको पनि विदेश मन्त्रीले जनाए ।

कतारको राजधानी दोहामा केन्द्रिय कार्यालय रहेको भू-उपग्रहीय टेलिभिजन प्रसारण सञ्जाल अल-जजिरालाई एक अन्तर्वार्ता दिने क्रममा विदेश मन्त्री शेख मोहम्मद बिन अब्दुल रहमानले कतारमाथि आफ्नो मनोमानी लाद्न खोज्ने र उसको आन्तरिक मामिलामा हस्तक्षेप हुने कुनै पनि गतिबिधि कुवेतलाई मान्य नहुने पनि बताएका छन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### गर्मीले आत्तिएपछि कारभित्र छिर्‍यो घोडा



भारतमा हालै एउटा अनौठो घटना भएको छ । भारतको जयपुरको ज्याकब रोडमा एउटा अनौठो घटना घटेको छ । सडकको फुटपाथमा एक व्यक्ति घोडा लिएर आइरहेका थिए । अकस्मात उक्त घोडा बिच्कियो ।

ती व्यक्तिले घोडालाई सम्हाल्ने र नियन्त्रणमा लिने कोसिस गरे तर सफल भएनन् । घोडा यताउती गर्दै निकै तिव्र गतिमा दौडिरहेको थियो । नजिकै एउटा कार थियो । घोडा एक्कासी कारको अगाडि पट्टिको सिसा फुटाउँदै सिधै कारभित्र घुस्यो ।

कारभित्र छिरेको घोडालाई निकै मुस्किलले बाहिर निकालियो । एक्कासी जोडसँग कारभित्र घोडा छिरेपछि कारभित्र रहेका ड्राइभर इन्तु न चिन्तु भए । यस घटनामा घोडा र ड्राइभर दुबैलाई सिसाका टुक्राले लागेर घाइते बनाएको छ । कारमा घोडा घुसेको घटनाको भिडियो सोसल मिडियामा खुबै भाइरल बनिरहेको छ । घोडा अत्यधिक गर्मीका कारण आत्तिएर त्यसो गरेको हुनसक्ने धेरैको अड्कल छ ।

### सुन्दरता नै अभिषाप

२६ वर्षकी रुसी सुन्दरी एन्जेलिका किनोवा एक व्यवसायिक मोडेल हुन् । सुन्दरताको हकमा उनी ठ्याक्कै गुडिया जस्तै छिन् । शानदार फिगर तथा सुन्दर अनुहार । बच्चादेखि नै क्युट रहेकी एन्जेलिकालाई उनका बुवाआमाले पनि गुडिया जस्तै गरी माया गरेर हुर्काए ।



एन्जेलिकाको सुन्दरताको सबैभन्दा खास विशेषता भनेको के हो भने उनले यो सुन्दरता पाउनका लागि कुनै सर्जरी गर्नुपरेन । प्राकृतिक सुन्दरता तथा नियमित व्यायामका कारण उनले यस्तो फिगर बनाएकी छिन् । आफू अहिलेसम्म कुनै केटासँग डेटिङ नगएको र आफु व्यवहारिक जीवनमा फिट नभई ज्यूँदो गुडिया बनिरहेको उनको भनाई छ । उनको भोजन तथा व्यायामको कार्यतालिका उनका बुवाआमाले नै तय गरिदिन्छन् ।

उनले के लुगा लगाउने भन्ने कुरा उनकी आमाले तय गर्दैछिन् । तर एन्जेलिका आफ्नो अहिलेको जस्वनसँग सन्तुष्ट छैनन् । एकदिन घरबाहिर निस्किएर आफ्नो तरिकाले जीवन जीउने इच्छा उनको छ । साथै उनी साँचो प्रेमको पनि पर्खाइमा छिन् ।

### रोग निको हुने गुफा



अष्ट्रियामा एउटा यस्तो गुफा फेला परेको छ जुन गुफाभित्र छिरिसकेपछि गम्भीर रोगव्याधी पनि आफैं निको हुन्छ भन्ने मान्यता छ । वास्तवमा यसको एक वैज्ञानिक कारण पनि छ । यो गुफाभित्र एउटा विशेष ग्यास पाइन्छ । उक्त ग्यासले मानिसको शरीरमा रहेका विभिन्न रोग निको बनाउने विश्वास गरिन्छ । अष्ट्रियाको गस्टिनमा छ यो गुफा । सुनखानीको खोजी गर्ने क्रममा उक्त गुफा फेला परेको थियो । अहिले उक्त गुफामा प्राकृतिक उपचारका लागि मानिसहरु युरोपका विभिन्न देशबाट आउने गरेका छन् । यो गुफामा पाइने ग्यास रेडन ग्यास हो । जसबाट विभिन्न रोगको उपचार सम्भव छ । यो एक विकिरणजन्य ग्यास हो । यसले गुफाको उष्ण वातावरणमा कैयन् रोगहरुमाथि गहिरो प्रभाव देखाउँदछ ।

बाथ तथा पसोरिएसिस जस्ता रोगको उपचारका लागि यो गुफागमन निकै लाभदायी रहेको अनुभव मानिसहरुको छ ।

मानिसहरु यो गुफाभित्र छिरेर जिउ अर्धनग्न बनाएर मज्जाले बस्ने तथा सुत्ने गरिरहेका हुन्छन् ता की शरीरमा उक्त ग्यासले मज्जाले प्रभाव जमाउन सकोस् र जीउभित्रका रोग मेटाओस् ।

### विश्वकै पहिलो नग्न बस्ती



विश्वमा सबैभन्दा पहिले नग्न बस्ती कुन देशमा बस्यो होला ? पत्यार नलाग्न सक्छ, यस्तो निर्वस्त्र वस्ती दुनियामा सबैभन्दा पहिले छिमेकी देश भारतमा बसेको हो ।

झण्डै १२५ वर्ष पहिले अर्थात् सन् १८९१ मा भारतको मुम्बई नजिकै रहेको थाणेमा विश्वकै पहिलो न्युडिस्ट कोलोनी अर्थात् नग्न बस्ती बसेको थियो । उक्त नग्न बस्तीको नाम थियो, द फेलोसिप अफ द नेकेड ट्रस्ट । संस्थापक थिए, चार्ल्स एडवार्ड गार्डन क्रार्फड । उनी तत्कालीन न्यायाधीश पनि थिए ।

एडवर्ड कारपेन्टर नामका व्यक्ति चाहीँ भिक्टोरियाकालीन बेलायतमा कर्मी थिए । उनलाई गे गुरु पनि भनिन्थ्यो । भारतका रविन्द्रनाथ टेंगोरसँग उनको दोस्ती भयो । एडवर्डले चार्ल्सद्वारा लिखित चारवटा पत्र फेला पारे । जसमा चार्ल्सले आफूले खोलेको फेलोसिप अफ नेकेड ट्रस्टको नाम उल्लेख गरेका थिए । यो न्युडिस्ट क्लब निकै सानो थियो । जसमा तीनजना सदस्य थिए । चार्ल्स क्रार्फड, एन्ड्रू र केलग काल्डरवुड । चार्ल्स एक विदुर थिए भने अन्य दुईजना एक मिसनरीका छोराहरु । पछि एक अर्की महिलाले पनि यो न्युडिस्ट क्लबको सदस्यता लिन चाहेकी थिइन् तर दिइएन ।

चार्ल्सले आफ्नो पत्रमा लेखेका छन्- हामीले दुई दिनको विदा कपडा नलगाइकन मनाउँथ्यौं । बिहानदेखि रातिसम्म नांगै बस्थ्यौं । त्यस क्रममा घरका कामदारलाई पनि विदा दिन्थें । तर त्यसको एक वर्ष भित्रैमा चार्ल्सले एथेल नामक एक महिलासँग पुनर्विवाह गरेर रत्नागिरी गए । त्यसपछि उक्त निर्वस्त्र वस्ती बन्द भयो ।

### गाईले पायो मान्छेजस्तै बच्चा

हिन्दु धर्ममा गाईलाई उसै पनि पुजिन्छ, तर जब गाईले मान्छे जस्तै देखिने बच्चा पाउँछ तब मानिसहरु उसलाई साक्षात भगवान ठानेर पूजा गर्न थाल्दा रहेछन् ।


मानव आकारको उक्त गाइको बाच्छालाई



मानिसहरुले विष्णु भगवानको अवतार मानेर पुजा गर्न थाले । उक्त बच्चाको गर्धनमुनिको भाग गाईको जस्तै थियो भने ठाउको मानिसको जस्तै ।

भारतको उत्तरप्रदेशस्थित मुजफ्फरनगरमा यस्तो मानवरुपी गाईको बाच्छो जन्मिएको हो । जन्मेको ४ घण्टासम्म उक्त बाच्छो ज्यूँदै रहन सफल भयो, र पछि मर्यो । उक्त अनौठो बाच्छालाई साक्षात भगवान ठानेर पुजा अर्चना गर्न तथा आशिर्वाद लिनका लागि टाढा टाढा सम्मका मानिसहरु मुजफ्फरनगर पुगेका थिए । मरिसकेपछि पनि उक्त बाच्छोलाई सिसाको फ्रेमभित्र राखेर फूलमाला चढाई पूजाआजा गरिएको थियो ।

### रोबोट पादरी भएको चर्च




ब्लेस यु-टु नामक रोबोटले पादरीले जस्तै चर्चमा आउनेहरुलाई हातले आशिर्वाद समेत प्रदान गर्दछ । अझ रोचक कुरा त उसको हत्केलाबाट प्रकाश पनि निस्किन्छ ।

जर्मनीको विटेनवर्गमा उक्त रोबोटलाई लञ्च गरिएको हो । जर्मन पादरी मार्टिन लुथरको द नाइन्टी फाइभ थेसिस नामक पुस्तक प्रकाशनको ५ सय वर्ष पूरा भएको अवसर पारेर उक्त रोबोटलाई सार्वजनिक गरिएको थियो । यो रोबोट पादरीले चर्चमा आएका भक्तजनलाई आशिर्वाद दिनुभन्दा पहिले उनीहरुसँग सोध्छ की उनीहरु पुरुषको आवाजमा आशिर्वाद चाहन्छन् की महिलाको आवाजमा ? साथै कुन प्रकारको आशिर्वाद चाहिएको हो भनेर पनि सोध्दछ ।

यसरी भक्तजनको इच्छा बुझिसकेपछि रोबोट पादरीले मुस्कुराउँदै बाहु फैलाएर आशिर्वाद दिन्छ । साथै यसले वाइबल समेत पाठ गर्दछ । अनि भन्छ: ईश्वरले तिमीलाई आशिर्वाद दिउन् र तिम्रो रक्षा गरुन् ।

*एजेन्सीहरुबाट*

# बाल विकास समाजद्वारा भक्तपुरमा शैक्षिक सामग्री वितरण गरेका झलक








**भक्तपुरमा शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न**

बाल विकास समाजले सुविधाविहीन, श्रम क्षेत्रमा रहेका बालबालिका, जोखिममा परेका तथा पर्न सक्ने सम्भावित बालबालिकाहरुका लागि बाल संरक्षण, शिक्षा, जनचेतना, स्वास्थ्यका क्षेत्रमा १० जिल्लाहरुमा विगत २६ वर्षदेखि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसै कार्यलाई निरन्तरता दिँदै बाल विकास समाजको इँटाभट्टामा श्रम गर्ने अभिभावकका छोराछोरी ७० जना बालबालिकाहरुलाई यही जेठ ८ गते दुधपाटी, भक्तपुरस्थित श्री ज्ञान विजय आधारभुत विद्यालयमा शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा बाल विकास समाजका कार्यक्रम सिनियर प्रशासन तथा वित्तीय व्यवस्थापक श्री रामशरण रिमाल, सेभ द चिल्ड्रेनका सिनियर कार्यक्रम संयोजक निलम धनुषे, सोही विद्यालयका प्रधानाध्यापक, विभिन्न विद्यालयका प्र.अ. तथा शिक्षकहरु, अभिभावक, बालबालिका, तथा बाल विकास समाजका अन्य कर्मचारीहरु सहभागीता रहेको थियो । कार्यक्रममा चाँगुनारायण न.पा. वडा नं.३ झौखेलस्थित श्री आजाद मा.वि.का २० जना सूर्यविनायक न.पा. वडा नं.८ सिपाडोलस्थित गणेश मा.वि.का २० जना, कहाकाली भक्तपुरस्थित हंशबाहिनी आधारभुत विद्यालयका १५ जना, र यसै ज्ञान विजय आधारभुत विद्यालयका १५ गरी कुल ७० जनालाई शैक्षिक सामग्री वितरण कार्यक्रम गरियो ।

कार्यक्रममा बाल विकास समाजको छोटो परियच दिँदै यस शैक्षिक सामग्री वितरण किन गरेको, कसरी गरेको, कसले सहयोग गरेको तथा यसको महत्वको बारेमा तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश, समाजका कार्यक्रम व्यवस्थापक प्रयसा के.सी.ले सबै माझ जानकारी गराउनु भयो ।

कार्यक्रमको संचालन समाजका कार्यक्रम सुपरभाइजर विदुर नेपालले गर्नु भएको थियो । कार्यक्रममा सेभ द चिल्ड्रेनका सिनियर कार्यक्रम संयोजक निलम धनुषेले सामग्री प्राप्त गरेका बालबालिकाहरुले पढाइलाई निरन्तरता गर्ने, राम्रोसँग पढ्ने तथा अभिभावकहरुलाई भने आफ्ना बालबालिकाहरुलाई कुनै पनि श्रममा प्रयोग नगर्न अनुरोध गर्नु भयो । साथै कार्यक्रम संचालक विदुर नेपालले शैक्षिक सामग्री विवरण गर्नुअघि प्रत्येक अभिभावकहरुलाई प्रतिवद्धता पत्रको बारेमा जानकारी गराउनु भयो । सो प्रतिवद्धता पत्रमा अभिभावकद्वारा आफ्ना छोराछोरीहरुलाई कुनै पनि श्रम क्षेत्रमा लगाउने तथा पठाउने छैन भन्ने रहेको छ । यस कार्यद्वारा अभिभावकहरुलाई एक प्रकारको दबाब परोस् भन्ने उद्देश्यले गरेको हो । कार्यक्रम ज्ञान विजय आधारभुत विद्यालयका प्र.अ. बालकृष्ण श्रेष्ठले भन्नुभयो,“ईटाभट्टामा श्रम गर्ने कामदारका बालबालिकाहरुलाई शैक्षिक सामग्री सहयोगद्वारा पढ्ने अवसर दिएका तथा बालबालिकालाई पढ्न हौसला मिलेको हुदाँ उक्त कार्यको प्रशंसा गर्दै आगामी वर्ष छात्रवृत्तिको संख्यामा वृद्धि गर्न बाल विकास समाजलाई अनुरोध गर्दछु” ।

त्यस्तै कार्यक्रममा समाजका सिनियर प्रशासन तथा वित्तीय व्यवस्थापक रामशरण रिमालले छात्रवृत्ति प्राप्त बालबालिकाका अभिभावक, शिक्षक तथा स्वयम् बालबालिकाले प्राप्त शैक्षिक सामग्रीहरुको सही सदुपयोग गर्दै निःशुल्क रुपमा आएका यस शैक्षिक सामग्री भनेर अपहेलना नगर्नु होला” । साँच्चै यी छात्रवृत्ति प्राप्त बालबालिकाहरुका अभिभाकवहरुलाई आर्थिक भार धेरै नै कम भएको छ । यस सहयोगले विद्यार्थीमा पढाइमा प्रोत्साहन मिलेको तथा परीक्षामा राम्रो अंक ल्याएको पाइयो । तसर्थ यस किसिमको सहयोगलाई निरन्तरता दिएमा पक्कै पनि यी बालबालिकाहरुको शैक्षिक स्तर वृद्धिमा टेवा पुग्ने देखिन्छ ।

**प्रस्तुति : भरत थापा**

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

समाज — लीला सिटौला

# चुनौतीपूर्ण किन बन्दैछ वैदेशिक रोजगार ?



हरेक वर्ष चार लाखभन्दा बढी नेपाली युवा श्रम बजारमा प्रवेश गर्न योग्य हुन्छन् । यत्रो ठूलो युवा जमात रोजगारीको खोजीमा भए पनि मुलुकभित्र रोजगारी पाउने सम्भावना अत्यन्तै न्यून छ । रोजगारीको अभावमा पिरोलिएका युवा श्रम शक्तिको गन्तव्य वैदेशिक रोजगार हुँदै आएको छ । वैदेशिक रोजगारमा सबैभन्दा ठूलो संख्या खाडी मुलुक र मलेसियामा जाने गरेका छन् । परम्परागत ढंगले भारतमा गएर सिजनेवल रोजगारी गर्नेको संख्या पनि वृद्धि भई नै रहेको छ ।

यसका अतिरिक्त अध्ययन र रोजगारीको सिलसिलामा युरोप, अमेरिका, अष्ट्रेलिया, क्यनडा, जापान, कोरिया तथा अफ्रिकन मुलुकमा पनि नेपाली श्रमशक्तिको वृद्धि भइरहेको छ । वैदेशिक रोजगारीको दायरा फराकिलो हुँदै गर्दा यस क्षेत्रमा विभिन्न खाले विकृति, विसंगति पनि बढी नै रहेका छन् । यस क्षेत्रलाई व्यवस्थित, मर्यादित र विसंगतिमुक्त बनाउने दायित्व सरकारी निकाय, व्यवसायी र वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयंको पनि उत्तिकै रहेको छ ।

वैदेशिक रोजगारले नेपालीको जीवनस्तर उठाउने काममा अहं भूमिका खेलेको छ । गाउँघरको मुहार फर्ने काममा रेमिट्यान्सले पुर्‍याएको योगदान प्रशंसायोग्य रहेको छ । यति हुँदाहुँदै पनि यस क्षेत्रका चुनौती उत्तिकै कहालिलाग्दा रहेका छन् । गत पाँच वर्षको अवधिमा कमाउन विदेश गएका दुई हजार युवाले विदेशी भूमिमा नै ज्यान गुमाएको तथ्यांक वैदेशिक रोजगार बोर्डको रेकर्डमा रहेको छ । कमाउन गएका छोराछोरीले विदेशी भूमिमा जीवन गुमाएको खबरले उनीहरूको परिवारलाई त गम्भीर आघात पुर्‍याउँछ नै यसका अलावा असाकयिम मृत्युवरण गर्ने युवा श्रमशक्तिको घाटा राज्यले पनि व्यहोर्नुपर्ने हुन्छ ।

विदेशी भूमिमा ठगिने, जेल पर्ने, लागू पदार्थ लगायत विभिन्न काण्डमा फस्ने, फसाइने घटना भएका खबर दिनहुँजसो आइ नै रहन्छन् । रोजगारदाताले समयमा पैसा नदिने कामदेखि निकाल्ने, महिला कामदारलाई शारीरिक शोषण, यौन शोषण गर्ने घटना पनि हुने गरेका छन् । थुप्रै पीडित युवायुवती दूतावासको शरणमा जाने र खाने बस्ने समस्याले अलपत्र परेर भोकभोकै बसेका मार्मिक घटना पनि प्रेसमा आइरहन्छन् ।

विदेशमा हुने ठगीका अतिरिक्त मुलुकभित्र पनि ठगको बिगबिगी नै छ । कमाएर आएका आफ्नो मुलुकको एयरपोर्टमा समेत ठगिने र लुटिने गरेका छन् । हालैमात्र भोजपुरकी युवती अध्यागमनका कर्मचारीबाट लुटिएको र प्रहरीबाट बलात्कृत भएको घटना चर्चाको विषय बनिरहेको छ । अधिकृतस्तरका कर्मचारीसमेत लुटेको पैसा भागबन्डा गरेर लुटेरा जमातमा समाहित हुनुले सिंगो निजामती प्रशासनप्रति नै प्रश्नचिह्न खडा गरेको छ ।

वैदेशिक रोजगारको नाममा ठग्ने एजेन्टहरू त गाउँघरसम्म चाहादै हिंडिरहेका छन् । नाता सम्बन्ध गाँसेर भए पनि आफ्नै दिदीबहिनी विदेशमा जोखिमपूर्ण काममा पठाउने निर्लज्ज दलाल गाउँघरमा सक्रिय छन् । चाहिनेभन्दा कैयौं गुणा बढी पैसा उठाउने म्यानपावर एजेन्सीका कारण पनि ठगीका घटना हुने गरेका छन् । वैदेशिक रोजगार एजेन्सी नखोली ट्राभल एजेन्सी, शैक्षिक परामर्श केन्द्रका नाममा मानव तस्करीको धन्दा गर्नेको सञ्जाल पनि ठूलो रहेको छ । यसका अलावा व्यक्तिगत भिसाका माध्यमबाट पनि ठगी गर्ने क्रम चली नै रहेको छ ।

श्रम विभागको तथ्यांकमा हरेक वर्ष ठगीको घटना र बिगो रकम बढिरहेको देखिन्छ । यो ठगीका घटनामा म्यानपावर एजेन्सीदेखि व्यक्तिगत एजेन्टहरूसम्म संलग्न छन् । एक वर्षमा १ अर्बभन्दा बढी रकम ठगी हुने गरेको छ ।

वैदेशिक रोजगारका कारण विभिन्न खाले सामाजिक विकृतिहरू पनि उत्पन्न भएका छन् । जनसंख्यामा प्रभाव परेको तथ्यांक त सार्वजनिक भइसकेको छ । यसका अलावा लामो समयसम्म परिवारसँग विछोड हुँदा सम्बन्ध विच्छेद गर्ने घटना पनि बढेका छन् । गाउँघरमा युवाशक्तिको अभाव भएका कारण विकास निर्माणमा बाधा पर्नु त स्वाभाविकै हो ।

परम्परागत कृषि पेशामा पनि गम्भीर असर पुगिरहेको छ । जग्गाजमिन बाँझै रहेका छन् भने कृषि मजदुरको ज्याला उच्च रहेका कारण खेतीपातीदेखि विमुख हुनेको संख्या वृद्धि भइरहेको छ । पहाडबाट तराईमा हुने अनियन्त्रित बसाइँसराइ पनि वैदेशिक रोजगारले निम्त्याएको छ । वैदेशिक रोजगारबाट फर्कनेको लगानी पनि घरजग्गा जोड्नेमा केन्द्रित छ । सरकारले लगानीको अवसर सिर्जना गरेर रकम नडुब्ने ग्यारेन्टी गरे वैदेशिक रोजगारमा जानेहरूले विभिन्न खाले उद्योग तथा जलविद्युत क्षेत्रमा समेत शेयर लगानी गर्न सक्छन् । तर सरकारसँग यस बारेमा ठोस नीति कार्यक्रम देखिँदैन । सबैभन्दा ठूलो कुरा त मुलुकभित्रै अवसर सिर्जना ग रेर युवा श्रमशक्तिलाई राष्ट्र निर्माणको मूल प्रवाहमा समाहित गराउन सक्नुपर्छ ।

## सीमामा...

निर्वाचनको समयमा सीमा सिल गर्ने सम्बन्धमा पनि छलफल भएको थियो । बैठकमा नेपालका तर्फबाट सप्तरीसहित सुनसरी, मोरङ, झापा तथा भारतको तर्फबाट बिहार राज्य अन्तर्गत सुपौल, किसनगञ्ज र अररिया जिल्लाका सुरक्षा अधिकारीहरुको सहभागिता थियो ।

## नक्कली...

नगदसँगै प्रिन्टर, ल्यापटप, पैसा छाप्ने कागजहरु प्रहरीले नियन्त्रणमा लिएको छ । पहिलो पटक एक लाखको गड्डीमा एक हजार, दोस्रो पटकमा १४ हजार रुपैया उनले बैंकमा जम्मा गरेका थिए । बैंकका कर्मचारीले दुई पटक नक्कली नोट जम्मा गर्दा समेत पत्तो नपाएपछि उनले एक लाख नै बैंक काउण्टर पुर्‍याएको बुटवल इप्रकाले जनाएको छ ।

## प्रचण्डपछि...

बुझ्न जरुरी छ कि संविधान कहीँ कतै सर्वस्वीकार्य हुँदैन । जब भारतले संविधान सर्वस्वीकार्यको कुरा गरिरहेको छ भारतमै संविधानसभाले संविधान जारी गर्दा दक्षिणी भूगोलले तीव्र विरोध गरेको थियो । प्रधानमन्त्री नेहरुले सेना उतारेर विरोधको आवाजलाई निर्ममतापूर्वक दमन गरेका थिए । पछि संविधान संशोधन गरेर दक्षिणी भूगोलको माग सम्बोधन गरिएको थियो । नेपालमा संविधान कार्यान्वयन नै नभई पटक पटक संशोधन गर्न भारतले दबाब दिनु हैकमवादी रवैया नै हो । संविधान निर्माणका बेला आफ्नो भूमिकालाई 'वाइपास' गरिएको रिसले चुर छ मोदी प्रशासन । अहिलेसम्म नेपालको संविधानलाई भारतले स्वागत गरेको छैन जबकि उसले संसदमा प्रचण्ड सरकारले दर्ता गरेको संशोधन विधेयकलाई भने स्वागत गरेको छ ।

दक्षिण अफ्रिकामा संविधानसभाले संविधानको मस्यौदा तयार गर्‍यो । राष्ट्रपति नेल्सन मण्डेलाले मस्यौदा पारित गर्न तीनपटकसम्म अनुरोध गर्दा पनि असन्तुष्ट पक्षले मानेन । आखिर मस्यौदालाई चौथोपटक संविधानसभामा भोटिङमा लगियो र बहुमतले पारित भयो । जर्ज वाशिंगटनको समयमा बनेको अमेरिकी संविधान अमेरिकामा अझै चलेकै छ, नर्वेमा दुई शताब्दी पुरानो संविधान पटक पटक संशोधन गरी चलाइएकै छ । तर नेपालमा भने संविधान लागू नहुँदै संशोधन मात्रै गर्न भारतले दबाब दिइरहेको छ । पटक पटक संविधान संशोधन मात्रै गरिरहने हो भने यसको औचित्यमाथि नै प्रश्नचिन्ह उठ्छ । संविधान अपरिवर्तनीय दस्तावेज होइन तर राष्ट्र र जनताको हितलाई ध्यानमा राखेर मात्र संविधान संशोधन गरिने विश्वव्यापी प्रचलन छ । दश बाह्रजना मधेसी ठालूहरुका लागि संविधान संशोधन गरिन् आम मधेसी जनताको अपमान गर्नु हो । संविधान पारित गर्दा बहुसंख्यक मधेस प्रतिनिधिहरुले हस्ताक्षर गरेको कुरा यहाँ स्मरणीय छ ।

निवर्तमान प्रधानमन्त्री प्रचण्ड पनि संविधान संशोधन गर्ने एजेन्डाका साथ प्रधानमन्त्री भएका थिए तर उनले दुईतिहाई बहुमत पुर्‍याउन सकेनन् । देउवाले आफू प्रधानमन्त्रीमा निर्वाचित हुँदा पाएको मतका आधारमा संविधान संशोधन गरिने बताएका हुन सक्छन् । तर जबसम्म प्रमुख प्रतिपक्षी दल एमाले यसमा सहमत हुँदैन संशोधन हुन सक्दैन । सांसद खरिद गर्ने खुवी देउवासँग छ तर यसका लागि संसद त चल्नैपर्छ नि विधेयक पारित गर्न । एमालेले संशोधन विधेयक पारित गर्न नदिने रणनीति पहिलेदेखि नै बनाउँदै आएको छ । अंगीकृत नागरिकतावालाले विशिष्ट राजकीय पद पाउने र हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने अनि स्थानीय तहको अधिकार हनन गर्ने जस्ता बुँदा समेटिएको संशोधन विधेयकलाई पारित गर्नु भनेको नेपाललाई सिक्किमीकरणको बाटोमा डोर्‍याउनु नै हो । मधेस भूभागलाई फिजीकरण गर्न भारत लागि परिरहेको छ । ४५ लाख भारतीयहरुले नेपाली नागरिकता हात पारिसकेका छन् । मधेसी दलहरु फेरि पनि नागरिकताको विषयलाई उठाइरहेका छन् । नेपाली मधेसीहरुले सहज रुपले नागरिकता पाउनुपर्छ जो छुटेका छन् तर अंगीकृत नागरिकको नयाँ प्रावधान ल्याएर भारतीय छोरी चेली ज्वाइँ र भान्जाभान्जीलाई समेत उच्च संवैधानिक पदमा पुर्‍याउने साजिस देशभक्त मधेसी जनतालाई नै स्वीकार्य हुन सक्दैन । मधेससँग जोडिएका पहाडी जिल्लालाई मधेसबाट अलग्याउने संशोधनको बुँदाले एक मधेस एक प्रदेशको आधार निश्चित गर्ने छ जुन भारतले चाहिरहेको छ । मधेसलाई भारतमा मिलाउने इन्दिरा गान्धीको असफल योजनालाई मोदी पूरा गर्न चाहिरहेका छन् । यसको मोहोरा भइरहेको छु राजपा । भारतीय मकसद पूरा गर्नकै निम्ति प्रचण्ड र देउवालाई भारतीय संस्थापन पक्षले प्रयोग गरिरहेको छ ।

नेपालको सीमा क्षेत्रमा थुप्रै बाँधहरु कसेर दशगजामा राजमार्ग बनाएर, जंगेपिलर फ्याँकेर, सीमा अतिक्रमण गरेर, एसएसबीहरु बिनाअनुमति नेपाल पसेर नेपाली नागरिक मारेर नेपालमाथि भारतीय ज्यादती गर्दोछ तर नेपाली कांग्रेस चुँ पनि बोल्दैन । त्यही पार्टीका सभापति देउवा प्रधानमन्त्री हुनु देशकै लागि घात हुन सक्ने विश्लेषण गरिँदैछ । यद्यपि कांग्रेस माओवादी केन्द्र गठबन्धनको पालैपालो राज चलिरहेको छ । इन्डो पश्चिमा गठबन्धन तयार भएपछि भारतमुखी बनेका देउवाले नेपालको हितमा काम गर्नेछन् भन्ने आम विश्वास भने पाइँदैन ।

## वी वान्ट...

गर्‍यो । मुख्यमन्त्री ममता बेनर्जीको प्रत्यक्ष सक्रियतामा दार्जिलिङबाट खर्साङ र कालेम्पोङलाई अलग गराएर छुट्टै जिल्ला बनाइयो । फुटाउ र राज गर भन्ने बंगालको नीति र षड्यन्त्रले दार्जिलिङबासी जनतालाई आगोमा घिउ थप्ने काम गरिरहेको छ । उनीहरु अहिले गोर्खाल्यान्डभन्दा अघि बढेर 'वी वान्ट सेप्रेसन फ्रम इन्डिया' भनेर नारा घन्काउन थालेका छन् ।

भारतका प्रसिद्ध योग गुरु रामदेवले पनि गोर्खाल्यान्ड आन्दोलनको समर्थन गरेका छन् । उनले भारत माताको शिरका रुपमा रहेको दार्जिलिङलाई छुट्टै गोर्खाल्यान्ड राज्य बनाइदिँदा कुनै फरक पर्दैन । भाषा, क्षेत्रफल, संस्कृतिको आधारमा तेलंगना लगायतका साना राज्य बनिरहेका छन् भने गोर्खाल्यान्ड दिँदा के फरक पर्छ ? भन्दै जी न्युजलाई अन्तर्वार्ता दिएका छन् । उनले दार्जिलिङमा योग शिविर सञ्चालन गर्दा पनि गोर्खाल्यान्डको पटक पटक समर्थन गरेका थिए । त्यसो त नरेन्द्र मोदीले पनि आश्वासन नदिएका होइनन् तर उनको आश्वासन केवल भाजपालाई भोट माग्नमा सीमित बन्यो ।

गोर्खाल्यान्ड माग गर्दै आन्दोलन गर्दा कयौं दार्जिलिङबासीले ज्यान गुमाएका छन् । पहिचानको लडाइँमा दार्जिलिङबासी छटपटाइरहेका छन् । पश्चिम बंगालभन्दा भाषा, संस्कृति, वेशभूषा सबैमा छुट्टै भए पनि भारत सरकार अझै पनि गोर्खाल्यान्ड दिन चाहिरहेको छैन । पहिचानको लडाइँमा ज्यानको बाजी थाप्ने गोर्खालीहरु सडकमा उत्रिरहेका छन् । उनीहरु वीर गोर्खालीको गीत गुञ्जायमान बनाउँदै आएका छन् । भाषा, अनुहार, संस्कृति, वेशभूषा केही नमिल्ने गोर्खेहरुलाई बंगालले असंवैधानिक तरिकाले भूभाग कब्जा गरी अधिकारविहीन बनाएकोमा गोर्खेको आक्रोश बढिरहेको छ । अबको आन्दोलन सम्झौताविहीन रुपमा अघि बढ्ने त्यहाँका जनताको विश्वास छ ।

भारत सरकार र पश्चिम बंगालको सरकारले बारम्बार गोर्खाल्यान्ड आन्दोलनलाई धोका दिएकोप्रति आक्रोशित भएका युवाहरुले दार्जिलिङलाई नेपालमा मिसाइनुपर्छ भन्ने नारा लगाएर सडकमा सुतेका छन् । फेसबुक लगायतका सामाजिक सञ्जालमा फोटो र भिडियोसमेत देख्न सकिन्छ ।

- झापाबाट **इन्द्र थापा**

## सत्तारोहण...

परनिर्भरता समाप्त गर्न बेइजिङ भ्रमणमा निस्किए र चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरे । यसपछि त मोदी सरकार तिल्मिलायो र ओलीलाई सत्ताच्युत गराउने नेपथ्य खेलमा सक्रिय भयो ।

दिल्लीले ओली सत्ताको साझेदार माओवादी केन्द्रलाई सहकार्य विमुख गराउन सफलता पायो । प्रचण्डलाई कांग्रेसको समर्थनमा प्रधानमन्त्री बनाउने भएपछि माओवादी केन्द्रले ओलीलाई दिएको समर्थन एकाएक फिर्ता लियो । आलोपालो सिंहदरबार पस्ने समयसीमा तोकियो जसअनुसार प्रचण्डले समयसीमाभन्दा एक महिनापछि अर्थात् दश महिनापछि देउवालाई सत्ता हस्तान्तरण गरिदिए । यस बीचमा कांग्रेसलाई सत्तारोहण हुन नदिने एमाले र माओवादी केन्द्र मिलेर फेरि सरकार बनाउने होमवर्क एमालेले नगरेको होइन । तर भारतका अघि एमालेको केही लागेन । प्रचण्ड भारतलाई धोका दिने हैसियतमा थिएनन् । उनले नैतिकताको बखान गर्दै एमाले प्रस्तावलाई ठुक्र्याइदिए । प्रचण्डको राजीनामापछि मैदान खाली हुने र एमालेले पेले, म्याराडोना उतार्ने र गोल गर्ने गफ समेत गर्‍यो । तर आफ्नो पक्ष कमजोर भएका कारण प्रधानमन्त्री निर्वाचनमा वामदेव, सुवास नेम्बाङमध्ये दुवैलाई उठाएन । देउवा दुईतिहाई नजिक मत पाएर नयाँ प्रधानमन्त्रीमा निर्वाचित भए ।

स्थानीय तह प्रथम चरणको निर्वाचनमा कांग्रेस, माओवादी केन्द्रको पत्तासाफ हुने एमालेको विश्लेषण थियो । केपी ओलीको राष्ट्रवादको झंकार त गुन्जियो तर त्यसले सोचेजस्तो लय समातेन । मतदाताले एमालेलाई फस्ट डिभिजनमा मात्र उत्तीर्ण गरे डिस्टिङसन भने दिएनन् । अब दोस्रो चरणको निर्वाचनमा पनि कांग्रेस, माओवादीको करारी हार हुने सम्भावना न्यून छ । अझ मधेस केन्द्रित दलहरु समेत चुनावमा भाग लिने भएकाले मधेसमा एमाले खुम्चिने देखिन्छ । अब भारतले कांग्रेस माओवादी बीचमा मात्र होइन मधेसी दलहरुसँग समेत चुनावी तालमेल गराउने निश्चित छ ।

प्रदेश सभा र संघीय संसदको निर्वाचनमा पनि भारतले कांग्रेस, माओवादी केन्द्र र मधेसी दलहरु मिलेर बनेको राजपाले चुनावी तालमेल गराउनेछ । विजय गच्छदारलाई कांग्रेसमा हुल्दैछ । बाबुराम, उपेन्द्र यादवलाई पनि चुनावी तालमेलमा मिलाउने भारतको प्रयास हुनेछ । यसरी भारतले एमालेलाई नितान्त एक्ल्याउने रणनीति लिएको छ । एमालेसँग केही नजिक रहेका साना दलहरुको कुनै हैसियत छैन । राप्रपाको गति पनि देखिइसकेको छ । आगामी निर्वाचनहरुमा एमालेको साइज घट्ने विश्लेषण गर्न थालिएको छ । प्रतिपक्षीको भूमिकाबाट एमालेमाथि उठेर सरकारको नेतृत्व गर्ने विषय गाह्रो बन्दैछ ।

## रुवान्डा...

जस्ता मुलुकका पर्यटकहरुका निम्ति लुम्बिनी तथा पशुपतिनाथ दर्शनका साथै प्राकृतिक सौन्दर्य छ । विदेशी पर्यटकहरुबाट नेपालको रुप बदलिने निश्चित छ । पर्यटन क्षेत्रमा बढ्दो वैदेशिक लगानीबाट केही आशा गर्ने ठाउँ भने छ ।


०४६ सालपछि नेपालीहरुले उपभोग गर्दै आएको लोकतान्त्रिक अधिकारहरु अब कसैले पनि खोस्न सक्दैन । शान्ति, राजनीतिक स्थिरता र समावेशी सुशासनको प्रावधान तलमाथि नहुने हो भने खुला प्रतिस्पर्धामा आधारित बजार व्यवस्थाले निरन्तरता पाउने हो भने मुलुकको आधुनिकीकरणको प्रक्रियाले गति लिने निश्चित छ । नेपालसँग चार प्रमाणित स्रोतहरु मानव शक्ति, प्राकृतिक सौन्दर्य र सम्पदा, भौगोलिक बनावट र वातावरण तथा पानीको वैज्ञानिक सदुपयोगले देशको आधुनिकीकरण प्रक्रियालाई इन्धन दिने सामर्थ्य राख्छ । नेपालको भौगोलिक बनावट र जलवायुका कारण कृषि क्षेत्रलाई जीवन पद्धति सँगसँगै व्यवसायीकरण गर्ने प्रशस्त गुन्जायस समेत छ । उचाइ र स्थानीय जलवायुका कारण बाह्रै महिना पुष्प उत्पादनको त्यत्तिकै सम्भावना छ । विश्वभरि बढ्दो सिल्कको मागलाई ध्यानमा राख्ने हो भने महाभारत र चुरे श्रृंखलाको पाखो जमिनमा मल्बेरी खेतीको प्रवर्द्धनबाट शिल्क उत्पादन गर्ने प्रशस्त सम्भावना छ । अर्कोतर्फ कफी उत्पादनको भविष्य राम्रो रहेको गुल्मीको कफी खेतीले पुष्टि गरिरहेको छ ।


विद्युत् उत्पादनका लागि चाहिने पुँजी र सीपको अभाव थियो । विगतमा उत्पादित विद्युतको बजार पनि साँघुरो अवस्था थियो । जुन रुपमा चिनियाँहरु बाहिरी संसारमा लगानी गर्न अघि बढिरहेका छन् र जुन रुपमा भारतको औद्योगीकरणमा विद्युत अभावले भाँजो पैदा गर्दैछ त्यसलाई उपभोग गर्ने हो भने पुँजी र प्रविधिको अभाव नेपाललाई हुँदैन । नेपालसँग समुद्रबाहेक सबैथोक छ । संसारमा कहीँ पनि नभएका छ ऋतु छन् यहाँ । नेपालभित्रै १३ प्रकारका हावापानी पाइन्छन् । तर नेपालमा शान्ति, समावेशी सुशासन र राजनीतिक स्थिरता भने आवश्यक छ । यसका लागि स्थानीय, प्रादेशिक र संघीय संसदको निर्वाचन भएर संविधान कार्यान्वयन हुन जरुरी छ । दशक लामो माओवादी सशस्त्र द्वन्द्वले देश थला परेको छ । भर्खर मात्र नेपालको आर्थिक वृद्धिदर बढेको भनिएको छ । लोडसेडिङ अन्त्य हुनु र कलकारखाना उद्योगहरु सुचारु भएकै कारण आर्थिक वृद्धिदरले फड्को मार्न सकेको हो । भारतबाट विद्युत खरिद गरेर लोडसेडिङ अन्त्य गराएर देशभित्र ऊर्जा उत्पादन क्षमता वृद्धि नगर्ने हो भने नेपाल भारतीय परनिर्भताबाट मुक्त कहिल्यै हुन सक्दैन ।

देश विकास दृढ राजनीतिक इच्छामा निर्भर रहन्छ । नेपालमा नेताहरु मात्र भए राजनेता कोही हुन सकेनन् । विकासका निम्ति तानाशाही नेतृत्व नै आवश्यक हुन्छ भन्ने केही उदाहरणहरु समेत दिने गरिन्छ । राष्ट्र बन्ने आधार नै नभएको सिंगापुरलाई विकासप्रेमी तानाशाह लि क्वानले विश्वकै उत्कृष्ट देश बनाए । कुनै बेला खाद्यान्नमा नेपालले सहयोग गरेको दक्षिण कोरियालाई जनरल पार्क चुन हुईले एक समृद्ध राष्ट्र बनाए । आज दक्षिण कोरिया नेपाली कामदारहरुको आकर्षक गन्तव्य बनेको छ । मलेसियालाई महाथिरले सम्पन्न राष्ट्रको सूचीमा पुर्‍याए । आधुनिकीकरणको जुन अवस्थामा नेपाल आज छ त्योभन्दा विकसित अवस्थामा ती मुलुकहरु सात दशक पहिले नै थिए । ०१७ सालमा नेपालको प्रतिव्यक्ति आय सय अमेरिकी डलरभन्दा कम थियो तर दक्षिण कोरियाको ८ सय २०, सिंगापुरको २ हजार ८ सय ८८ र मलेसियाको ९ सय ३० अमेरिकी डलर थियो । न त राजाले नै नेपाल विकासको नेतृत्व गर्न सके न त ०४६ सालपछि नेताहरुले । राजनेता नभएका कारण नेपाल विश्वकै भ्रष्ट मुलुकहरुमध्येमा गनिन पुगेको हो । राजनीतिक दल र तिनका नेताहरु भ्रष्ट भएका कारण न त सुशासन कायम भयो न त विकास ।

कुनै पनि दलहरुले नेपालमा विकासमुखी राजनीति गरेनन् । राजनीति र विकासलाई सँगसँगै अगाडि बढाएका भए नेपाल आज विश्वकै उत्कृष्ट गन्तव्य बन्ने थियो । नेपालसँग विकासका सम्भावनाहरु प्रचुर छन् । ओबरमा हस्ताक्षर गरेर नेपालले आर्थिक विकासको लक्ष्य प्राप्त गर्ने उद्देश्य त लिएको छ तर नेताहरु प्रायशः भारतमुखी भएका कारण यसको पूर्वाधारको भविष्य अन्यौलग्रस्त छ ।

## चामल र...





न्युजले पनि प्लास्टिक चामलबारे सावधान गराउँदै समाचार दिएको छ । भारतमा प्लास्टिकको चामल सिंगापुर र चीनबाट भित्रिरहेको जी न्युजले बताएको छ । प्लास्टिकको चामल कसरी चिन्ने भन्नेबारे पनि भारतीय मिडियाहरुले समाचार दिएका छन् । प्लास्टिकका चामल सेवन गर्दा क्यान्सरको खतरा रहेको समाचारमा दिइएको छ । प्लास्टिक चामल असली चामलको तुलनामा बढी चम्किलो देखिन्छ । प्लास्टिक चामल असली चामल भन्दा हल्का हुन्छ । यो चामल पकाउँदा निस्कने माड जस्तो पदार्थ जमेपछि प्लास्टिकमा परिणत हुने र बाल्दाखेरि बल्ने गर्छ ।

जनस्वास्थ्यमा गम्भीर असर पुर्‍याउने प्लास्टिक चामल नेपाली बजारमा पनि भित्रिएको हुन सक्छ । यसबारेमा खाद्य अनुसन्धान तथा गुणस्तर विभागको तत्काल ध्यान जान आवश्यक छ । यसैगरी चीनले नक्कली अन्डा बनाएर बेच्ने गरेको समाचार पनि भारतीय मिडियामा सार्वजनिक भएको छ । कलकत्तालगायत सहरी क्षेत्रमा नक्कली प्लास्टिक अण्डाको बिगबिगी बढेपछि मिडियाहरुले सावधान गराएका छन् ।